"सिद्धलेक गाउँपालिकाको प्रतिवद्धता, गुणस्तरीय शिक्षामा सुनिश्चितता"




# हाम्रो सिद्धलेक





## आधारभूत शिक्षा (कक्षा ६-८)

## स्थानीय विषयको पाठ्यक्रम २०८०

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ्चुङ, धादिङ

# हाम्रो सिद्धलेक

आधारभूत शिक्षा (कक्षा ६–८)

स्थानीय विषयको पाठ्यक्रम २०८०

सिद्धलेक गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बुङचुङ, धादिङ

**संरक्षक**

| | |
|---|---|
| श्री परशुराम खतिवडा | अध्यक्ष |
| श्री सबिता अर्याल | उपाध्यक्ष |

**प्रमुख सल्लाहकार**

| | |
|---|---|
| श्री नारायण प्रसाद अधिकारी | प्रमुख प्रशासकीय अधिकृत |

**पाठ्यक्रम निर्माण समिति**

| | |
|---|---|
| श्री राजिव गौतम | संयोजक |
| श्री सरोज खतिवडा | सदस्य |
| श्री बलराम अधिकारी | सदस्य |
| श्री नेत्र बहादुर थापा | सदस्य |
| श्री रामेश्वर पुडासैनी | सदस्य-सचिव |

**प्रकाशक**

सिद्धलेक गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बुङचुङ, धादिङ

बागमती प्रदेश, नेपाल

**सर्वाधिकार**

प्रकाशकमा निहित

**संस्करण**

वि. सं. २०८०

## मन्तव्य

शिक्षा मानव जीवनको अभिन्न अङ्ग हो । देशको समग्र विकासको लागि यसले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ र यो आधारभूत आवश्यकता भित्र पनि पर्दछ । यसैले गर्दा नेपालको वर्तमान संविधानले समेत शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ । समाज एवम् राष्ट्रको आवश्यकता अनुसारको दक्ष र नैतिकवान मानव संसाधनको विकास गर्न सकेमा मात्र समृद्ध नेपाल, सुखी नेपालीको दीर्घकालीन सोच पूरा गर्न सकिन्छ । यसको जग भनेको विद्यालय शिक्षा नै हो । विद्यालय शिक्षा मार्फत बालबालिकालाई उनीहरुको परिवेशसँग परिचित गराउन स्थानीय आवश्यकता अनुसारको संस्कारसहितको शिक्षा प्रदान गर्नु पर्ने देखिन्छ । यसका लागि बालबालिकालाई उनीहरुको समाज, संस्कार, संस्कृति, सम्पदा, भाषा, कला तथा वातावरणसँग परिचित गराई असल नागरिक तयार गर्न स्थानीय पाठ्यक्रम आवश्यक देखिन्छ ।

स्थानीय विषयको अध्ययनलाई ध्यानमा राखी यस सिद्धलेक गाउँपालिकाले पनि शैक्षिक सत्र २०८० बाट कक्षा ६ देखि ८ सम्म गाउँपालिकाभित्रका सबै सामुदायिक र संस्थागत विद्यालयहरुमा लागु गर्ने गरी **हाम्रो सिद्धलेक** नामक स्थानीय पाठ्यक्रम निर्माण गरेको छ । यस पाठ्यक्रम निर्माणका लागि गाउँ शिक्षा समितिबाट पाठ्यक्रम निर्माण समिति गठन गरिएको थियो । यसै समितिले एउटा पाण्डुलिपि तयार गरी सरोकारवालासँग पृष्ठपोषण कार्यक्रम समेत सञ्चालन गरेको थियो । त्यस्तै पाठ्यक्रमका सम्बन्धमा आवश्यक सुझाव सङ्कलन गर्न गाउँपालिकाको वेबसाईटमा समेत सूचना राखिएको थियो । यी सबै प्रक्रिया पुरा गरी सिद्धलेकको सामाजिक, आर्थिक, भौगोलिक, सांस्कृतिक लगायत समग्र पक्षहरुलाई समुचित रुपमा समेटेर तयार गरिएको यस पाठ्यक्रमले सिद्धलेकको वास्तविक पहिचान दिन सक्ने मेरो विश्वास छ ।

अन्त्यमा, पाठ्यक्रम निर्माणमा अहोरात्र खटिने समितिका सदस्यहरु, रचनात्मक सुझाव प्रदान गर्नुहुने व्यक्तित्व, जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी लगायत सबैमा धन्यवाद ज्ञापन गर्दै पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरी त्यस क्रममा देखिने कमी कमजोरी औंल्याई निरन्तर परिमार्जन र सुधारका लागि पृष्ठपोषण प्रदान गरिदिनहुन सम्बन्धित सबै सरोकारवालामा हार्दिक अनुरोध गर्दछु ।

परशुराम खतिवडा
अध्यक्ष
सिद्धलेक गाउँपालिका

## मेरो भन्नु

'विद्या धनम् सर्व धनम् प्रधानम्' भन्ने संस्कृत श्लोकले नै पुष्टि गर्दछकि विद्या भन्दा अरु ठूलो धन हुन सक्दैन। त्यस्तै बालबालिका भनेका भविष्यका कर्णधार हुन्। यी कर्णधारको मुख्य आधार शिक्षालाई बनाउन सकेमा भविष्यको देश विकासको आधार सुनिश्चित गर्न सकिन्छ। यसै सन्दर्भमा सिद्धलेक गाउँपालिकाले विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ ले मार्गनिर्देश गरेका महत्वपूर्ण पक्ष र प्रक्रियाहरुलाई आत्मसात गर्दै आधारभूत शिक्षाको कक्षा ६ देखि ८ सम्म **हाम्रो सिद्धलेक** नामक स्थानीय विषयको पाठ्यक्रम तयार पारी शैक्षिक सत्र २०८० देखि पठनपाठन गराउन लागेको सन्देश प्रवाह गर्न पाउनु खुसीको कुरा हो।

सिद्धलेक गाउँपालिकाले तयार गरेको यस स्थानीय विषयको पाठ्यक्रले स्थानीय पहिचान, भाषा, संस्कार, संस्कृति, पेसा, व्यवसाय, आर्थिक क्रियाकलाप लगायत विभिन्न क्षेत्रको ज्ञान दिई नैतिक व्यवहार तथा जीवन उपयोगी सिपहरु समेत प्रदान गर्ने लक्ष्य राखेको छ। उक्त लक्ष्य प्राप्तिका लागि पाठ्यक्रम कार्यान्वयन गर्ने जिम्मेवार निकाय विद्यालय तथा विद्यालयमा अध्यापन गराउने शिक्षकको महत्वपूर्ण भूमिका रहन्छ। बालबालिकाको सक्रिय सहभागितामा यस पाठ्यक्रममा रहेको सैद्धान्तिक तथा व्यावहारिक विषयवस्तुको ज्ञान मार्फत उनीहरूमा घरायसी वातावरण र विद्यालयको वातावरणमा सामञ्जस्य अनुभूत गराउन सकिन्छ। यसैगरी विभिन्न किसिमका प्रयोगात्मक तथा परियोजनामा आधारित सिकाइ क्रियाकलापबाट विविध पक्षको ज्ञान प्रदान गरी ज्ञानको क्षेत्र फराकिलो बनाउन समेत सहयोग गर्दछ।

अन्त्यमा, यस पाठ्यक्रमको सफल एवम् प्रभावकारी कार्यान्वयनको लागि शुभकामना सहित सम्पूर्ण सरोकारवालाहरुको साथ र सहयोग हुनेमा विश्वस्त हुँदै पाठ्यक्रम निर्माण समितिका सदस्यहरु, अमूल्य सुझाव प्रदान गर्नुहुने व्यक्तित्व, जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी लगायत सम्पूर्णमा धन्यवाद ज्ञापन गर्न चाहन्छु।

सबिता अर्याल
उपाध्यक्ष
सिद्धलेक गाउँपालिका

# विषयसूची

१. पृष्ठभूमि ........ २

२. विषय प्रवेश ........ २

३. हाम्रो सिद्धलेक विषयको परिचय ........ ३

४. तहगत सक्षमता ........ ३

५. समय निर्धारण ........ ४

६. कक्षागत सिकाइ उपलब्धि (कक्षा ६-८) ........ ४

७. विषयबस्तुको क्षेत्र र क्रम (कक्षा ६-८ ) ........ ८

८. विषयबस्तुको विस्तृतीकरण ........ १२

कक्षा : ६ ........ १२

कक्षा : ७ ........ २६

कक्षा : ८ ........ ४०

९. सिकाइ सहजीकरण विधि ........ ६३

१०. मूल्याङ्कन प्रक्रिया ........ ६४

क) आन्तरिक मूल्याङ्कन ........ ६४

ख) अन्तिम मूल्याङ्कन ........ ६५

सैद्धान्तिक मूल्याङ्कन नमुना प्रश्नपत्र ........ ६७

समूह (क) ........ ६७

समूह (ख) ........ ६७

समूह (ग) ........ ६८

सम्भावित प्रयोगात्मक/परियोजना कार्यहरु ........ ६९

## १. पृष्ठभूमि

शिक्षा बालबालिकाहरुको सर्वाङ्गीण विकासको प्रमुख आधार हो । प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने कुरा वर्तमान संविधानको धारा ३१ मा रहेको शिक्षा सम्बन्धी हकमा व्यवस्था गरिएको छ । उक्त व्यवस्थालाई सम्बोधन गर्दै केन्द्र सरकारबाट विद्यालयको लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ जारी गरी आधारभूत शिक्षा (कक्षा ६–८) पाठ्यक्रम, २०७७ कार्यान्वयनमा ल्याइएको छ ।

नेपाल विविधताले भरिपूर्ण देश हो । विविधता भित्रको एकता कायम गर्नको लागि यस पाठ्यक्रमले स्थानीय आवश्यकतालाई ध्यानमा राखी आधारभूत शिक्षा (कक्षा ६–८) को साधारण तर्फको पाठ्यक्रम संरचनामा ४ पाठ्यघण्टा र १२८ वार्षिक कार्यघण्टा सहितको मातृभाषा वा स्थानीय विषय वा संस्कृत भाषाको विषय पठनपाठन गर्न पाउँने व्यवस्था गरेको छ । यसै व्यवस्था अनुरुप सिद्धलेक गाउँपालिकाले पनि स्थानीय पाठ्यक्रम तयार गरी पठनपाठन गराउने सोच राखेको छ । यही सोचलाई पुरा गर्न सिद्धलेक गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुमा शैक्षिक सत्र २०८० बाट कक्षा ६–८ सम्म लागु हुने गरी यो पाठ्यक्रम तयार गरिएको छ । यसका लागि गाउँ शिक्षा समितिको मिति २०७५।१२।२८ को बैठक र छलफलबाट गठन गरिएको विज्ञहरुको कार्यदलले तयार पारेको पाण्डुलिपि अध्ययन गर्दा बदलिँदो समयसँगै परिवर्तित विषयवस्तुहरुमा हेरफेर गरी समयसापेक्ष बनाउनु पर्ने देखिएकोले पाठ्यक्रम पुनर्लेखन गरिएको छ ।

यस पाठ्यक्रम मार्फत स्थानीय पहिचान, पेसा, व्यवसाय लगायत स्थानीय क्षेत्रका आधारभूत तथा महत्त्पूर्ण विषयवस्तुहरु नियमित रुपमा कक्षाकोठामा पुग्ने हुँदा विद्यार्थीहरुले यस सम्बन्धी सैद्धान्तिक र व्यावहारिक रुपमा जानकारी हासिल गर्ने र समुदायका नागरिकहरुले समेत यस प्रति सचेत तथा सुसूचित हुनका लागि अवसर प्राप्त गर्ने हुनाले समग्रमा **हाम्रो सिद्धलेक** विषयको स्थानीय पाठ्यक्रमले सार्थकता प्राप्तिमा सहजता मिल्ने विश्वास लिइएको छ ।

## २. विषय प्रवेश

शिक्षाको उद्धेश्य प्राप्तिका लागि बनाइएको शैक्षिक कार्यक्रम नै पाठ्यक्रम हो । स्थानीय पाठ्यक्रमले स्थानीय सरोकारवालाहरुको आवश्यकता, चाहना र सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी विकास र कार्यान्वयन हुने प्रक्रियालाई जनाउँदछ । यस प्रक्रियामा स्थानीय आवश्यकताका विषयवस्तुले स्थान पाउने, पाठ्यक्रम विकास स्थानीय तहबाटै हुने, पाठ्यक्रमप्रति सरोकारवालाहरुको अपनत्व बढ्ने, पाठ्यक्रम विकास र कार्यान्वयनमा पहुँच तथा प्रभावकारिता अभिवृद्धि हुने, विद्यालय र समुदायको सम्बन्ध सुदृढ हुने, न्यून मूल्यका स्थानीय सामग्रीको प्रयोग हुने तथा सरोकारवालाको सक्रिय सहभागिता रहने मान्यता राखिएको छ । यस मान्यताको आधारमा मनन गर्दा केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका विषयवस्तुहरुले स्थानीय पाठ्यक्रममा स्थान पाउँने अवस्था रहन्छ भने विद्यालयमा आधारित पाठ्यक्रम निर्माण र कार्यान्वयनमा आदानप्रदान संस्कृतिको विकास गराउँदछ । यस प्रकारको विकासले स्थानीय ज्ञानको खोजी गरी नवीनतम ज्ञान एवं सिप हासिल गर्न सहयोगी भूमिका निर्वाह गर्दछ।

सामान्यतया कुनै पनि देशमा सबै विद्यार्थीका लागि मूल सिकाइ उद्धेश्यहरू किटान गरिएको एउटा राष्ट्रिय पाठ्यक्रम हुन्छ तर विभिन्न क्षेत्रले प्रयोग गर्ने गरी कुनै पनि सङ्ख्यामा स्थानीय पाठ्यक्रमको व्यवस्था भएको हुन सक्छ । स्थानीय पाठ्यक्रमहरू राष्ट्रिय पाठ्यक्रमको पूरकका रूपमा रहेका हुन्छन् । यिनले उनै राष्ट्रिय उद्धेश्यलाई नै योगदान गर्ने हुन् । स्थानीय पाठ्यक्रम पुरै फरक प्रकारको पाठ्यक्रम होइन । एउटा राम्रो पाठ्यक्रमले उही सिद्धान्त अवलम्बन गर्नुपर्छ र मूल सिकाइ उपलब्धिसँग तादात्म्य हुने गरी सिकारुका लागि सिकाइ उपलब्धिहरू निर्धारण गर्नुपर्छ । यति हुँदाहुँदै पनि राष्ट्रिय पाठ्यक्रम र स्थानीय पाठ्यक्रमबिच केहि भिन्नता रहेका छन् । ती भिन्नतालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

| आधार | राष्ट्रिय पाठ्यक्रम | स्थानीय पाठ्यक्रम |
|---|---|---|
| उद्देश्यहरू | फराकिला | साँघुरो |
| आवश्यकताहरू | राष्ट्रिय आवश्यकतामा आधारित | स्थानीय आवश्यकतामा आधारित |
| निर्माण | केन्द्रीय/राष्ट्रिय तह | स्थानीय तह |
| निर्माणकर्ताहरू | विषय विज्ञहरू | सरोकारवालाहरुसँगै स्थानीय विज्ञहरु |
| सुपरिवेक्षण | केन्द्रीय निकायद्वारा निर्देशित | स्व-निर्देशित |

## ३. हाम्रो सिद्धलेक विषयको परिचय

हाम्रो सिद्धलेक विषयको स्थानीय पाठ्यक्रम मार्फत आधारभूत शिक्षा (कक्षा ६-८) मा अध्ययनरत विद्यार्थीहरुले नक्साङ्कन सहित आफ्नो गाउँपालिकाको अवस्था र वस्तुस्थिति बारे जानकारी प्राप्त गरी सकारात्मक सोचका साथ विभिन्न जीवन उपयोगी सिपहरुका बारेमा सुसूचित भई व्यवहारमा उतार्न सक्नेछन्। यसका लागि निम्नलिखित क्षेत्र/एकाइहरु समेटिएका छन् :

क) हाम्रो गाउँपालिका

ख) स्थानीय तह र सुशासन

ग) हाम्रो पेसा, व्यवसाय र आर्थिक क्रियाकलाप

घ) हाम्रा विकासका पूर्वाधारहरु

ङ) हाम्रो वातावरण र हरित विद्यालय

च) दुर्घटना तथा विपद् व्यवस्थापन

छ) नैतिक व्यवहार र जीवन उपयोगी सिपहरु

ज) योग, आयुर्वेद र खेलकुद

## ४. तहगत सक्षमता

आधारभूत शिक्षा (कक्षा ६-८) अध्ययन पश्चात विद्यार्थीमा स्थानीय विषयका निम्न लिखित सक्षमता हासिल हुनेछन् :

क) सिद्धलेक गाउँपालिकाको परिचय, ऐतिहासिक, सामाजिक, सांस्कृतिक, जनसाङ्ख्यिक अवस्था, नक्साङ्कन, सामाजिक संघ संस्थाहरु, वित्तीय संस्थाहरु र प्रेरक व्यक्तित्वहरुको जानकारी।

ख) गाउँपालिकाको गठन, सेवा प्रवाह र सुशासनको जानकारी।

ग) स्थानीय पेसा, व्यवसाय र आर्थिक क्रियाकलापहरुको पहिचान र सम्मान।

घ) विकासका पूर्वाधारहरुको जानकारी र जिम्मेवारी बोध।

ङ) आफ्नो वरपरको वातावरण र हरित विद्यालयको अवधारणा बोध, समुचित प्रयोग, संरक्षण र प्रवर्द्धन।

च) दुर्घटना तथा विपद् व्यवस्थापनको बारेमा जानकारी हासिल गरी त्यसबाट हुने क्षति न्यूनीकरणका लागि आवश्यक उपायहरुको पहिचान, अभ्यास र कार्यान्वयन।

छ) समावेशी व्यवहार र सकारात्मक सोचको विकास।

ज) स्थानीय सिपको व्यावहारिक प्रयोग।

झ) योग, ध्यान र स्थानीय खेलहरुको परिचय र अभ्यास।

ञ) स्थानीय जडीबुटीहरुको परिचय, महत्व र प्रयोग।

## ५. समय निर्धारण

आधारभूत शिक्षा (कक्षा ६–८) पाठ्यक्रम, २०७७ ले स्थानीय विषयको शिक्षण गर्नका लागि पाठ्यभार ४ निर्धारण गरेको छ। वर्षभरिमा कम्तीमा १२८ घण्टा पढाइ हुनुपर्ने व्यवस्था छ। यसका लागि निम्न अनुसारको पाठ्यघण्टीको व्यवस्था गरी समय निर्धारण गरिएको छ :

| एकाइ | विषयवस्तु | पाठ्यघण्टा | कैफियत |
|---|---|---|---|
| १ | हाम्रो गाउँपालिका | २० | |
| २ | स्थानीय तह र सुशासन | १६ | |
| ३ | हाम्रो पेसा, व्यवसाय र आर्थिक क्रियाकलाप | १० | |
| ४ | हाम्रा विकासका पूर्वाधारहरु | १८ | |
| ५ | हाम्रो वातावरण र हरित विद्यालय | १६ | |
| ६ | दुर्घटना तथा विपद् व्यवस्थापन | १२ | |
| ७ | नैतिक व्यवहार र जीवन उपयोगी सिपहरु | १८ | |
| ८ | योग, आयुर्वेद र खेलकुद | १८ | |
| | **जम्मा** | **१२८** | |

## ६. कक्षागत सिकाइ उपलब्धि (कक्षा ६-८)

| क्षेत्र / एकाइ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| १. हाम्रो गाउँपालिका | ▪ आफ्नो वडाको ऐतिहासिक अवस्था, धार्मिक परम्परा र प्रशासनिक इतिहास बताउन<br>▪ गाउँपालिकाको ऐतिहासिक अवस्था, धार्मिक परम्परा र प्रशासनिक इतिहास बताउन<br>▪ आफ्नो वडाको सामाजिक र सांस्कृतिक परम्पराको विगतदेखि वर्तमान अवस्था बताउन<br>▪ गाउँपालिकाको सामाजिक र सांस्कृतिक परम्पराको विगतदेखि वर्तमान अवस्था बताउन | ▪ सबै वडा सहित गाउँपालिकाको जनसङ्ख्याको अवस्था बताउन<br>▪ गाउँपालिका भित्रको जनसाङ्ख्यिक विशेषताहरु बताउन<br>▪ गाउँपालिकाको नक्सा हेरी सबै वडाको केन्द्र सहित परिचय बताउन<br>▪ नक्सा बनाई गाउँपालिका भित्रका पुराना बस्ती, नयाँ शहरोन्मुख बस्तीहरु र मुख्य शहरीकरण भएका क्षेत्रहरुको पहिचान गरी भर्न | ▪ गाउँपालिकाको जनसाङ्ख्यिक विशेषताहरु बताउन<br>▪ गाउँपालिकाको नक्सा बनाई मुख्य चिनारी स्थल र बस्तु देखाउन<br>▪ स्थानीय परम्परागत प्रविधिहरुको परिचय दिन<br>▪ गाउँपालिका भित्र रहेका सामाजिक एवं वित्तीय संस्थाहरुको नाम भन्न र परिचय बताउन |

| | | | |
|---|---|---|---|
| | ▪ आफ्नो वडाको जनसाङ्ख्यिक अवस्था बताउन<br>▪ गाउँपालिका भित्र रहेका खेलकुद सम्बन्धी प्रेरक व्यक्तित्वहरुको सङ्क्षिप्त जानकारी लिन | ▪ गाउँपालिका भित्रका मुख्य शैक्षिक र राजनैतिक व्यक्तित्वहरुको सङ्क्षिप्त जानकारी लिन | ▪ गाउँपालिका भित्र रहेका मुख्य साहित्यिक तथा प्रशासनिक व्यक्तित्वहरुको सङ्क्षिप्त जानकारी लिन |
| २. स्थानीय तह र सुशासन | ▪ स्थानीय सरकारको परिचय दिन<br>▪ स्थानीय सरकारको गठन प्रक्रिया भन्न र लेख्न<br>▪ वडा कार्यालयबाट उपलब्ध हुने मुख्य- मुख्य सेवाहरु र सेवा दिने अधिकारीहरु भन्न र लेख्न<br>▪ सुशासनको परिचय र महत्त्व बताउन | ▪ गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र कार्यपालिका सदस्यहरुको कार्यहरु बताउन<br>▪ गाउँपालिका मातहतमा रहने विषयगत समिति, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरे बमोजिमका समिति, गाउँसभाले गठन गर्न सक्ने समिति र अन्य समितिहरुको नाम बताउन<br>▪ न्यायिक समितिको गठन प्रक्रिया र यसको मुख्य कार्य बताउन<br>▪ समुदायमा उत्पन्न विवाद समाधान तथा मेलमिलापको लागि सहजकर्ताको भूमिका निर्वाह गर्न सक्ने सिपको विकास गर्न<br>▪ सुशासनका आयाम तथा सूचकहरुको सूची तयार गर्न | ▪ नागरिक बडापत्रको परिचय, महत्त्व र आवश्यकता बताउन<br>▪ प्रमुख प्रशासकीय अधिकृतका कार्यहरु बताउन<br>▪ गाउँपालिकाबाट उपलब्ध सेवा दिने शाखाहरु र मुख्य काम भन्न<br>▪ सार्वजनिक प्रशासनको परिचय दिई महत्त्व बताउन<br>▪ सुशासनमा स्थानीय सरकार, सार्वजनिक प्रशासन र स्थानीय समुदायको भूमिका बताउन |
| ३. हाम्रो पेसा, व्यवसाय र आर्थिक क्रियाकलाप | ▪ पशुपक्षीपालनको परिचय दिन<br>▪ निर्वाहमुखी र व्यावसायिक पशुपक्षीपालनको वर्गीकरण गर्न<br>▪ व्यावसायिक पशुपक्षीपालनको महत्व र वर्तमान अवस्था बताउन<br>▪ मौरीपालनको परिचय र महत्त्व बताउन<br>▪ व्यावसायिक मौरीपालनको वर्तमान अवस्था र बजारीकरण बारे बताउन | ▪ घरेलु उद्योगको परिचय दिई यसको महत्त्व बताउन<br>▪ गाउँपालिका भित्र रहेका घरेलु उद्योगहरुको सूची तयार गरी तिनीहरुको वर्तमान अवस्था, सम्भावना, व्यावसायिकता र बजार बारे बताउन<br>▪ आन्तरिक रोजगारीका क्षेत्रहरु (पानी उद्योग, हर्वल उद्योग लागयत अन्य) को सूची तयार गर्न<br>▪ वैदेशिक रोजगारको परिचय बताई यसको वर्तमान अवस्था र चुनौतीहरुको सूची तयार गर्न<br>▪ रोजगारीका लागि आवश्यक सिपविकास तालिमहरुको सूची | ▪ व्यावसायिक फर्म दर्ताको प्रक्रिया बताउन<br>▪ गाउँपालिकाभित्र दर्ता भएका व्यावसायिक फर्महरुको नाम बताउन<br>▪ व्यवसायमा अनुदान र बीमा सम्बन्धी तीनै तहका सरकारको नीति बताउन<br>▪ व्यवसाय सञ्चालनका लागि विभिन्न संघ संस्थाहरुको भूमिका बताउन<br>▪ होटल व्यवसायको परिचय दिई वर्तमान अवस्था र सम्भावनाहरु |

| | | | |
|---|---|---|---|
| | | तयार गर्न | बताउन |
| ४. हाम्रा विकासका पूर्वाधारहरु | ▪ विकासका पूर्वाधारहरुको नाम सहित परिचय दिन<br>▪ गाउँपालिका भित्र रहेका जलस्रोतको पहिचान, वर्गीकरण, प्रयोग, महत्त्व र सम्भावना बताउन<br>▪ गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको नाम र स्थान सहित वर्गीकरण गर्न<br>▪ गाउँपालिकाको नक्सा बनाई स्वास्थ्य संस्थाहरु देखाउन<br>▪ स्वस्थ जीवनको लागि असल खानपानका सूत्रहरु बताउन<br>▪ पत्रु खानाबाट हुने असर र यसको नियन्त्रणका उपायहरु बताउन | ▪ गाउँपालिका भित्रका माध्यमिक विद्यालयहरुको नाम, सञ्चालित कक्षा, पढाइ हुने विषय र धार बताउन<br>▪ आफ्नो विद्यालय परिसरको मोडेल तयार गर्न<br>▪ गाउँपालिका भित्रका मुख्य सडकहरुको सूची तयार गर्न<br>▪ गाउँपालिका भित्रको विगत र वर्तमानको जल यातायातका साधनहरुको सूची तयार गरी यसको जानकारी तथा सम्भाव्यता बताउन<br>▪ गाउँपालिका भित्र रहेको हेलिप्याड बारे बताउन<br>▪ गाउँपालिका भित्रका माध्यमिक विद्यालयहरु, मुख्य सडकहरु, जलमार्ग भएको स्थान, हेलिप्याड गाउँपालिकाको नक्सामा भर्न | ▪ पर्यटनका क्षेत्रहरु बताउन<br>▪ धार्मिक,ऐतिहासि, सांस्कृतिक र जल पर्यटनका मुख्य क्षेत्रहरु बताउन<br>▪ उर्जाका स्रोतको वर्गीकरण गरी यसका मुख्य-मुख्य उदाहरण दिन<br>▪ सूचना तथा सञ्चारका साधनहरुको उपयोगिता बताउन<br>▪ सामाजिक सञ्जाल र मोवाइल एप्सहरुको परिचय दिई फाइदा तथा बेफाइदाहरु भन्न<br>▪ शिक्षा र शिक्षणसँग सम्बन्धित विभिन्न वेबसाइटहरुको नाम बताउन |
| ५. हाम्रो वातावरण र हरित विद्यालय | ▪ सामुदायिक बनको परिचय दिन र गाउँपालिका भित्र रहेका मुख्य सामुदायिक बनहरुको नाम बताउन<br>▪ मुख्य सामुदायिक बनका विशेषताहरु बताउन<br>▪ बनमा आधारित आर्थिक क्रियाकलापहरु बताउन<br>▪ वातावरण प्रदूषणको परिचय दिन<br>▪ जलप्रदूषणका असर र न्यूनीकरणका उपायहरु बताउन<br>▪ माटो प्रदूषणका असर र न्यूनीकरणका उपायहरु बताउन<br>▪ हरियाली प्रवर्द्धनको परिचय दिन<br>▪ हरियाली प्रवर्द्धनको महत्व र तरिका बताउन<br>▪ दिगो विकासको परिचय दिन र | ▪ राष्ट्रिय र स्थानीय स्तरमा संरक्षित जीवजन्तुहरु तथा वनस्पतिहरुको नाम बताउन<br>▪ जीवजन्तु तथा वन्यजन्तु अपराध नियन्त्रणमा भएको कानुनी व्यवस्था बारे बताउन<br>▪ मौसम र हावापानी अनुकूलका विरुवाहरुको सूची तयार गर्न र घर तथा विद्यालयमा बगैँचा र करेसाबारी निर्माण गर्न<br>▪ वायुप्रदूषण र ध्वनि प्रदूषणको कारण, असर र न्यूनीकरणका उपायहरु बताउन<br>▪ दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध पत्ता लगाउन<br>  ▪ दिगो विकास र वातावरण संरक्षणमा विद्यार्थी, विद्यालय र समुदायको भूमिकाको | ▪ वनस्पति तथा वन्यजन्तु संरक्षण र अपराध नियन्त्रणमा विद्यार्थी, विद्यालय, स्थानीय समुदाय र स्थानीय सरकारको भूमिका बताउन<br>▪ हरित विद्यालयका लागि इको क्लबको भूमिका र आवश्यकता बताउन<br>▪ औद्योगिक प्रदूषणका असरहरु र न्यूनीकरणका उपायहरु बताउन<br>▪ रासायनिक प्रदूषणका असरहरु र न्यूनीकरणका उपायहरु बताउन<br>▪ पानी, माटो र |

| | | | |
|---|---|---|---|
| | अवधारणा बताउन<br>▪ दिगो विकास र वातावरण संरक्षणका उपायहरु बताउन | सूची तयार गर्न | वनसम्पदाको दिगो व्यवस्थापन सम्बन्धी तरिका बताउन<br>▪ दिगो विकासका लागि स्थानीय सरकारले चाल्नु पर्ने कदमहरु बताउन |
| ६. दुर्घटना तथा विपद् व्यवस्थापन | ▪ ट्राफिक नियमका मुख्य-मुख्य सङ्केतहरु पहिचान गर्न<br>▪ सवारी दुर्घटनाका कारण र असर बताउन<br>▪ सवारी दुर्घटनाबाट बच्न अपनाउनुपर्ने सावधानीहरु बताउन<br>▪ बाटो काट्न सहयोग गर्न<br>▪ विपद् व्यवस्थापनको परिचय दिई प्रकार बताउन<br>▪ विपद्को समयमा अपनाउनु पर्ने सावधानीहरु बताउन<br>▪ विपद्मा उद्धार प्रक्रिया चक्र सहित बताउन<br>▪ विपद् व्यवस्थापनको कृत्रिम अभ्यास गर्न | ▪ विपद् व्यवस्थापन चक्रका तीन चरणहरुको नाम बताउन र ती चरणहरुमा गर्नुपर्ने कार्यहरुको सूची तयार गर्न<br>▪ विपद् व्यवस्थापनमा संलग्न साझेदारी संस्थाहरुको नामको सूची तयार गर्न<br>▪ विपद् व्यवस्थापनमा विद्यार्थी, विद्यालय र समुदायको भूमिका बताउन<br>▪ विपद् व्यवस्थापन कार्यको लागि आवश्यक झटपट झोला तयार गर्न | ▪ विपद् व्यवस्थापनमा स्थानीय सरकारको भूमिका बताउन<br>▪ विपद्को सामूहिक प्रतिकार्यका उपायहरु बताउन<br>▪ मनोपरामर्शको परिचय दिन र आवश्यकता बताउन |
| ७. नैतिक व्यवहार र जीवन उपयोगी सिपहरु | ▪ समावेशी व्यवहारको अवधारणा बताउन<br>▪ श्रम र सिर्जनाको सम्मान र अभ्यास गर्ने बानीको विकास गर्न<br>▪ काम र आर्थिक उपार्जनसँगको सम्बन्ध बताउन<br>▪ आफूसँग भएको क्षमताको पहिचान गरी अभ्यास गर्न<br>▪ क्षमता अनुसारको लक्ष्य निर्धारण गर्न<br>▪ सिर्जनशील मानिसको पहिचान र अनुशरण गर्न<br>▪ स्थानीय परिकारको पौष्टिक तत्व नष्ट नहुने गरी उपयोग गर्न<br>▪ पौष्टिक तत्व नष्ट नहुने गरी परिकारहरु बनाउने तरिका | ▪ व्यक्तिगत जीवनमा सकारात्मक सोच राखी सकारात्मक व्यवहार देखाउन<br>▪ सफल हुनका लागि आवश्यक सूत्रहरुको सूची तयार गर्न<br>▪ समुदायमा हाल अवलम्बन भइरहेका र सम्भावित सिप तथा पेसाहरुको सूची तयार गरी तुलना गर्न<br>▪ आलुचप र बारा/फुरौला पकाउन<br>▪ दुना-टपरी गाँस्न र कुचो बनाउन | ▪ धार्मिक सहिष्णुताको परिचय र उदाहरण दिन<br>▪ बाल अधिकार र नागरिक कर्तव्य बताउन<br>▪ स्थानीय सिपको संरक्षण र प्रवर्द्धनमा स्थानीय सरकारको भूमिका बताउन<br>▪ सिपको व्यावहारिक प्रयोग गर्न |

| | | | |
|---|---|---|---|
| | बताउन<br>▪ सिपको व्यावहारिक प्रयोग गर्न | | |
| ८. योग, आयुर्वेद र खेलकुद | ▪ ऋतुचर्याको परिचय दिन<br>▪ ऋतुहरुको नाम र ती ऋतुमा पर्ने महिनाको नाम बताउन<br>▪ ऋतु अनुसारको आहार विहार गर्न<br>▪ ध्यान मुद्रा, भ्रामरी र कपालभातीको परिचय दिन, अभ्यास गर्न र फाइदा बताउन<br>▪ स्थानीय जडीबुटीहरु घोडटाप्रे, कुरिलो, अलैची र बोझोको परिचय दिन र उपयोगको तरिका बताउन<br>▪ बाघचाल, छोइडुम, डोरी लगायतका स्थानीय खेलहरुको परिचय दिन, नियम बताउन र अभ्यास गर्न | ▪ दिनचर्या र रात्रिचर्याको परिचय दिन<br>▪ दिनचर्याका क्रियाकलाप बताउन<br>▪ रात्रिचर्याका क्रियाकलाप बताउन<br>▪ वक्रासन, उष्ट्रासन, नौकासन र मर्कटासनको परिचय दिई यसका फाइदाहरु बताउन<br>▪ स्थानीय जडीबुटीहरुको परिचय दिई महत्त्व बताउन<br>▪ पानी भर्ने दौड, कवड्डी, पञ्जा लडाई जस्ता स्थानीय खेलहरुको परिचय सहित नियम बताउन | ▪ सूर्य नमस्कारको परिचय, चरण र महत्व बताउन तथा अभ्यास गर्न<br>▪ शलभासन र धनुरासनको परिचय र महत्व बताउन तथा अभ्यास गर्न<br>▪ स्थानीय जडीबुटीको परिचय र उपयोग बताउन<br>▪ स्थानीय खेलको परिचय दिई खेल्ने तरिका बताउन र अभ्यास गर्न |

## ७. विषयबस्तुको क्षेत्र र क्रम (कक्षा ६-८ )

| क्षेत्र / एकाइ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | पाठ्य घण्टा |
|---|---|---|---|---|
| १. हाम्रो गाउँपालिका | ▪ ऐतिहासिक अवस्था<br>▪ सामाजिक, सांस्कृतिक अवस्था<br>▪ जनसाङ्ख्यिक अवस्था<br>▪ प्रेरक व्यक्तित्वहरु (खेलकुद सम्बन्धी) | ▪ जनसाङ्ख्यिक अवस्था<br>▪ वडागत परिचय<br>▪ बस्ती विकास र शहरीकरण<br>▪ प्रेरक व्यक्तित्वहरु (शैक्षिक, राजनैतिक) | ▪ जनसाङ्ख्यिक विशेषता<br>▪ नक्साङ्कन सहित मुख्य चिनारी स्थल र वस्तु<br>▪ स्थानीय परम्परागत प्रविधिहरुको परिचय<br>▪ सामाजिक संघ संस्थाहरु<br>▪ वित्तीय संस्थाहरु<br>▪ प्रेरक व्यक्तित्वहरु (प्रशासनिक, साहित्यिक) | २० |
| २. | ▪ स्थानीय सरकारको | ▪ गाउँ कार्यपालिकाका | ▪ नागरिक बडापत्र | १६ |

| | | | | |
|---|---|---|---|---|
| स्थानीय तह र सुशासन | गठन प्रक्रिया<br>▪ वडा समितिको गठन प्रक्रिया<br>▪ वडा कार्यालयबाट उपलब्ध हुने सेवाहरु र सेवा दिने अधिकारीहरु<br>▪ सुशासनको परिचय र महत्त्व | पदाधिकारीहरुको कार्य विभाजन<br>▪ गाउँपालिका मातहतका विभिन्न समितिहरु<br>▪ न्यायिक समितिको नमुना अभ्यास<br>▪ सुशासनका आयाम तथा सूचकहरु | ▪ गाउँपालिकाबाट उपलब्ध हुने सेवाहरु<br>▪ गाउँपालिकाबाट उपलब्ध सेवा दिने शाखाहरु<br>▪ गाउँपालिकाको नमुना निर्वाचन<br>▪ सार्वजनिक प्रशासनको परिचय र महत्त्व<br>▪ सुशासन कायम राख्न स्थानीय सरकार, सार्वजनिक प्रशासन र स्थानीय समुदायको भूमिका | |
| ३. हाम्रो पेसा, व्यवसाय र आर्थिक क्रियाकलाप | ▪ पशुपक्षी पालन<br>▪ व्यावसायिक पशुपक्षी पालनको महत्त्व<br>▪ व्यावसायिक पशुपक्षी पालनको वर्तमान अवस्था<br>▪ मौरीपालनको परिचय र महत्त्व<br>▪ व्यावसायिक मौरीपालनको वर्तमान अवस्था र बजारीकरण | ▪ घरेलु उद्योगको परिचय र महत्त्व<br>▪ हाम्रो गाउँपालिका भित्रका घरेलु उद्योगहरुको वर्तमान अवस्था र सम्भावना<br>▪ आन्तरिक रोजगारीका क्षेत्रहरु<br>▪ वैदेशिक रोजगार<br>▪ रोजगारीका लागि सिपविकास तालिम | ▪ व्यावसायिक फर्महरुको दर्ता प्रक्रिया र वर्तमान अवस्था<br>▪ व्यवसायमा अनुदान र बीमा सम्बन्धी व्यवस्था<br>▪ व्यवसाय सञ्चालनका लागि विभिन्न संघ संस्थाको सहयोगी भूमिका<br>▪ होटल व्यवसायको परिचय, वर्तमान अवस्था र सम्भावनाहरु | १० |
| ४. हाम्रा विकास का पूर्वाधारहरु | ▪ विकासका पूर्वाधारहरुको परिचय<br>▪ हाम्रो जलस्रोत<br>▪ हाम्रो स्वास्थ्य | ▪ हाम्रो शिक्षा<br>▪ हाम्रो यातायात | ▪ हाम्रो पर्यटन<br>▪ हाम्रो उर्जा<br>▪ सूचना तथा सञ्चार प्रविधि<br>▪ इमेल, इन्टरनेट र सामाजिक सञ्जालको फाइदा र बेफाइदाहरु<br>▪ शिक्षा र शिक्षणसँग सम्बन्धित वेबसाइटहरु | १८ |
| ५. हाम्रो वातावरण र हरित विद्यालय | ▪ सामुदायिक बन<br>▪ बनमा आधारित आर्थिक क्रियाकलापहरु | ▪ संरक्षित जीवजन्तु तथा वनस्पतिहरु<br>▪ वनस्पति तथा वन्यजन्तु अपराध नियन्त्रणमा | ▪ वनस्पति तथा वन्यजन्तु संरक्षण र अपराध नियन्त्रण<br>▪ हरित विद्यालयको | १६ |

| | | | | |
|---|---|---|---|---|
| | ▪ वातावरण प्रदूषण<br>▪ माटो प्रदूषण<br>▪ जल प्रदूषण<br>▪ हरियाली प्रवर्द्धनको परिचय, महत्व, तरिका र सहभागिता<br>▪ दिगो विकास | कानुनी व्यवस्था<br>▪ करेसावारी र पुष्प बगैँचा निर्माण<br>▪ वातावरण प्रदूषण<br>▪ वायु प्रदूषण<br>▪ ध्वनि प्रदूषण<br>▪ दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध<br>▪ दिगो विकास र वातावरण संरक्षण | लागि इको क्लब<br>▪ वातावरण प्रदूषण<br>▪ औद्योगिक प्रदूषण<br>▪ रासायनिक प्रदूषण<br>▪ दिगो विकास र प्राकृतिक स्रोतहरुको दिगो व्यवस्थापन<br>▪ दिगो विकासका लागि स्थानीय सरकारले चाल्नुपर्ने कदमहरु | |
| ६. दुर्घटना तथा विपद् व्यवस्थापन | ▪ ट्राफिक नियम<br>▪ सवारी दुर्घटना र उद्धार<br>▪ विपद् व्यवस्थापन | ▪ विपद् व्यवस्थापन चक्र<br>▪ विपद् व्यवस्थापनमा संलग्न संघसंस्था<br>▪ विपद् व्यवस्थापनमा विद्यार्थी, विद्यालय र समुदायको भूमिका | ▪ विपद् व्यवस्थापनमा स्थानीय सरकारको भूमिका<br>▪ विपद्को सामूहिक प्रतिकार्यका उपायहरु<br>▪ मनोपरामर्श सेवा | १२ |
| ७. नैतिक व्यवहार र जीवन उपयोगी सिपहरु | ▪ समावेशी व्यवहार<br>▪ श्रम र सिर्जनाको सम्मान र अभ्यास गर्ने बानीको विकास<br>▪ स्थानीय परिकार, पौष्टिक तत्वको संरक्षण र उपयोग<br>▪ सिपको व्यावहारिक प्रयोग<br>▪ माला उन्ने<br>▪ मस्यौरा बनाउने<br>▪ सादा पुलाउ बनाउने | ▪ सकारात्मक सोच<br>▪ सफलताका सूत्रहरु<br>▪ स्थानीय सिप र जीवन निर्वाह<br>▪ सिपको व्यावहारिक प्रयोग<br>▪ आलुचप<br>▪ बारा/फुरौला बनाउने<br>▪ दुना-टपरी गाँस्ने<br>▪ कुचो बनाउने | ▪ हाम्रो समुदाय र धार्मिक सहिष्णुता<br>▪ बाल अधिकार र नागरिक कर्तव्य<br>▪ स्थानीय सिपको संरक्षण र प्रवर्द्धनमा स्थानीय सरकारको भूमिका<br>▪ सिपको व्यावहारिक प्रयोग<br>▪ निवेदन लेख्ने, बैठक माइन्युट लेख्ने र आवेदन फारमहरु भर्ने<br>▪ बैंक भौचर भर्ने<br>▪ बैंक चेक भर्ने<br>▪ सेलरोटी बनाउने<br>▪ मालपुवा बनाउने | १८ |

| | | | | |
|---|---|---|---|---|
| | | | ▪ पुरी बनाउने | |
| ८. योग, आयुर्वेद र खेलकुद | ▪ ऋतुचर्याको परिचय र अभ्यास<br>▪ ध्यान मुद्रा<br>▪ भ्रामरी<br>▪ कपालभाती<br>▪ स्थानीय जडीबुटी<br>▪ घोडटाप्रे<br>▪ कुरिलो<br>▪ अलैची<br>▪ बोझो<br>▪ स्थानीय खेल<br>▪ बाघचाल<br>▪ छोइडुम<br>▪ डोरी | ▪ दिनचर्या र रात्रिचर्या<br>▪ वक्रासन<br>▪ उष्ट्रासन<br>▪ नौकासन<br>▪ मर्कटासन<br>▪ स्थानीय जडीबुटी<br>▪ बाबरी<br>▪ बेल<br>▪ तेजपत्ता<br>▪ रुदिलो<br>▪ स्थानीय खेल<br>▪ पानी भर्ने दौड<br>▪ कवड्डी<br>▪ पञ्जा लडाई | ▪ सूर्य नमस्कार<br>▪ शलभासन<br>▪ धनुरासन<br>▪ स्थानीय जडीबुटी<br>▪ आकासवेली<br>▪ त्रिफला<br>▪ मरौटी / गोरसपान<br>▪ सिस्नु<br>▪ जिम्बु<br>▪ स्थानीय खेल<br>▪ बुद्धिचाल<br>▪ छेलो<br>▪ खोखो<br>▪ तिनखुट्टे दौड | १८ |

## ८. विषयबस्तुको विस्तृतीकरण

**कक्षा : ६**

| क्षेत्र / एकाइ | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १. हाम्रो गाउँपालिका | ▪ ऐतिहासिक अवस्था<br>▪ सामाजिक, सांस्कृतिक अवस्था<br>▪ जनसाङ्ख्यिक अवस्था<br>▪ प्रेरक व्यक्तित्वहरु (खेलकुद सम्बन्धी) | ▪ आफ्नो वडाको ऐतिहासिक अवस्था, धार्मिक परम्परा र प्रशासनिक इतिहास बताउन<br>▪ गाउँपालिकाको ऐतिहासिक अवस्था, धार्मिक परम्परा र प्रशासनिक इतिहास बताउन<br>▪ आफ्नो वडाको सामाजिक र सांस्कृतिक परम्पराको विगतदेखि वर्तमान अवस्था बताउन<br>▪ गाउँपालिकाको सामाजिक र | ▪ आफ्नो वडाको ऐतिहासिक अवस्था (मानववस्ती, धार्मिक परम्परा, प्रशासनिक इतिहास)<br>▪ गाउँपालिकाको ऐतिहासिक अवस्था (मानववस्ती, धार्मिक परम्परा, प्रशासनिक इतिहास)<br>▪ आफ्नो वडाको सामाजिक र सांस्कृतिक अवस्था {प्राचीन मन्दिर, गुम्बा, जात्रा, मेला, लोक संस्कृति, बाजा, नाच,भेषभुषा, सामाजिक परम्परा ( पञ्चभलाद्मी भेला, ऐंचोपैंचो, भारोपर्म, | ▪ आफू बस्ने वडा तथा गाउँपालिकाको ऐतिहासिक अवस्था (मानववस्ती, धार्मिक परम्परा, प्रशासनिक इतिहास) को बारेमा छलफल गर्ने र बालबालिकालाई आफ्नो अभिभावकसँग जानकारी लिन लगाई कक्षाकोठामा छलफल गराउने<br>▪ आफ्नो वडा तथा गाउँपालिकाको सामाजिक र सांस्कृतिक परम्पराको बारेमा छलफल गर्ने, | ▪ आफ्नो वडाको ऐतिहासिक अवस्था, धार्मिक परम्परा, प्रशासनिक इतिहास भन्न र लेख्न लगाउने<br>▪ गाउँपालिकाको ऐतिहासिक अवस्था, धार्मिक परम्परा र प्रशासनिक इतिहास भन्न र लेख्न लगाउने<br>▪ आफ्नो वडाको सामाजिक र सांस्कृतिक परम्पराको विगतदेखि वर्तमान अवस्था भन्न र लेख्न लगाउने | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सांस्कृतिक परम्पराको विगतदेखि वर्तमान अवस्था बताउन<br>▪ आफ्नो वडाको जनसाङ्ख्यिक अवस्था बताउन<br>▪ गाउँपालिका भित्र रहेका खेलकुद सम्बन्धी प्रेरक व्यक्तित्वहरुको सङ्क्षिप्त जानकारी लिन | गुठी)}<br>▪ गाउँपालिकाको सामाजिक सांस्कृतिक अवस्था ( मन्दिर, गुम्बा, चर्च, पाटी, पौवा, ठाँटी, चौतारो, आहाल, लोक संस्कृति, बाजा, नाच,भेषभुषा)<br>▪ आफ्नो वडाको जनसङ्ख्याको बनोट<br>▪ गाउँपालिका भित्रका प्रेरक व्यक्तित्वहरु (खेलकुद सम्बन्धी)<br>▪ साग खेलकुदमा ट्रायथलन खेलमा स्वर्णपदक बिजेता सिद्धलेक -१, कालीदहकी सोनी गुरुङ<br>▪ अन्य कोही भएमा .................. | नजिकको मन्दिर, गुम्वा, चर्च, पाटी, पौवा, ठाँटी, चौतारो, आहालको अवलोकन भ्रमण गराउने<br>▪ गाउँपालिकाको ऐतिहासिक, सामाजिक र सांस्कृतिक विषयवस्तु समेटिएको श्रव्य-दृष्य सामाग्री प्रदर्शन गर्ने<br>▪ आफ्नो वडाको जनसङ्ख्या बनोटको चार्ट देखाई छलफल गराउने<br>▪ खेलकुदबाट राष्ट्रिय रुपमा ख्यातीप्राप्त खेलाडीको सङ्क्षिप्त जीवनी सुनाउने, सम्भव भएसम्म प्रत्यक्ष भेटघाट गराई अनुभव सम्बन्धी जानकारी गराउने | ▪ गाउँपालिकाको सामाजिक र सांस्कृतिक परम्पराको विगतदेखि वर्तमान अवस्था भन्न र लेख्न लगाउने<br>▪ आफ्नो वडाको जनसाङ्ख्यिक बनोट (जम्मा जनसङ्ख्या, महिला पुरुषको सङ्ख्या, लैङ्गिक अनुपात, जनघनत्व, साक्षरतादर) बताउन र लेख्न लगाउने<br>▪ गाउँपालिका भित्र रहेका खेलकुद सम्बन्धी प्रेरक व्यक्तित्वहरुको जीवनी, खेल, विधा र पदकको बारेमा भन्न र लेख्न लगाउने | |
| २. स्थानीय | ▪ स्थानीय सरकारको गठन | ▪ स्थानीय सरकारको | ▪ स्थानीय सरकारको | ▪ छलफल विधिको | ▪ स्थानीय सरकारको | १६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| तह र सुशासन | प्रक्रिया<br>▪ वडा समितिको गठन प्रक्रिया<br>▪ वडा कार्यालयबाट उपलब्ध हुने सेवाहरु र सेवा दिने अधिकारीहरु<br>▪ सुशासनको परिचय र महत्त्व | परिचय दिन<br>▪ स्थानीय सरकारको गठन प्रक्रिया भन्न र लेख्न<br>▪ वडा कार्यालयबाट उपलब्ध हुने मुख्य-मुख्य सेवाहरु र सेवा दिने अधिकारीहरु भन्न र लेख्न<br>▪ सुशासनको परिचय र महत्त्व बताउन | परिचय र गठन प्रक्रिया<br>▪ तीन चरणको निर्वाचन प्रक्रिया<br>▪ पहिलो चरणमा प्रत्यक्ष निर्वाचन प्रणालीबाट १ जना अध्यक्ष, १ जना उपाध्यक्ष, हरेक वडामा १ वडाध्यक्ष, १ महिला सदस्य, १ दलित महिला सदस्य र २ खुला सदस्य चयन<br>▪ दोस्रो चरणमा निर्वाचित महिला वा दलित महिला वडा सदस्यहरु मध्येबाट प्रतिनिधित्व हुने गरी ४ जना कार्यपालिका सदस्य छनोट<br>▪ तेस्रो चरणमा गाउँपालिका भित्रका दलित र अल्पसङ्ख्यक समुदायबाट प्रतिनिधित्व हुने गरी | प्रयोग गरी स्थानीय सरकारको परिचय दिने<br>▪ स्थानीय सरकारको गठन प्रक्रियाको लागि तीन चरणको निर्वाचन प्रक्रियाबाट स्थानीय सरकार गठन हुने प्रक्रिया बताउने<br>▪ पहिलो चरणमा प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित हुने प्रतिनिधिहरु बारे बताउने<br>▪ दोस्रो चरणको निर्वाचन प्रणालीबाट निर्वाचित हुने प्रतिनिधिहरु बारे बताउने<br>▪ तेस्रो चरणको निर्वाचन प्रणालीबाट निर्वाचित हुने प्रतिनिधिहरु बारे | परिचय दिन लगाउने<br>▪ स्थानीय सरकारको गठन प्रक्रियाको लागि तीन चरणको निर्वाचन प्रक्रियाबाट स्थानीय सरकार गठन हुने प्रक्रिया भन्न र लेख्न लगाउने<br>▪ वडा समितिको गठन कसरी हुन्छ भनी सोध्ने<br>▪ वडाध्यक्षले दिने सेवाहरु भन्न र लेख्न लगाउने<br>▪ वडा सचिवले दिने सेवाहरु भन्न र लेख्न लगाउने<br>▪ वडा कार्यालयबाट प्रदान गरिने प्राविधिक सेवाहरु जस्तैः कृषि, पशु स्वास्थ्य र योजनासँग सम्बन्धित सेवाहरु भन्न र लेख्न लगाउने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | निर्वाचित २ जना सदस्य<br>▪ गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्षहरु र ६ जना निर्वाचित सदस्यहरु समेत गरी कार्यपालिकाको गठन र सोही कार्यपालिका नै स्थानीय सरकार हुने व्यवस्था<br>▪ माथि निर्वाचित सबै सदस्यहरु हुने गरी गाउँसभा गठन<br>▪ वडा समिति गठन प्रक्रिया (१ वडाध्यक्ष, १ महिला सदस्य, १ दलित महिला सदस्य र २ खुला सदस्य चयन प्रत्यक्ष निर्वाचन प्रणालीबाट)<br>▪ वडा कार्यालयबाट उपलब्ध हुने मुख्य सेवाहरु र सेवा दिने अधिकारीहरु<br>▪ वडाध्यक्षले दिने सेवा- विभिन्न | बताउने<br>▪ कार्यपालिकाको गठन प्रक्रिया बताई सोही कार्यपालिका नै स्थानीय सरकार हुने कुरा प्रष्ट पार्ने<br>▪ सबै चरणका निर्वाचनबाट निर्वाचित सदस्यहरु हुने गरी गाउँसभा गठन हुन्छ भन्ने कुरा प्रष्ट पार्ने<br>▪ वडा समिति गठन प्रक्रिया उदाहरण सहित बताउने<br>▪ वडा कार्यालयबाट उपलब्ध हुने मुख्य सेवाहरु र सेवा दिने अधिकारीहरु बारे चार्ट देखाई छलफल गराउने<br>▪ छलफल विधिको प्रयोग गरी सुशासनको परिचय दिने<br>▪ उदाहरण सहित सुशासनको महत्त्व | ▪ सुशासनको परिचय दिन लगाउने<br>▪ सुशासनको महत्त्व बताउन लगाउने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सिफारिसहरु, आर्थिक लगायत विविध सहयोग तथा योजना माग (स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले तोकेका कार्यहरु )<br>▪ वडा सचिवले दिने सेवा - घटना दर्तासँग सम्बन्धित कामहरु, सामाजिक सुरक्षा भत्ता लगायतका कामहरु<br>▪ प्राविधिक - सम्बन्धित क्षेत्रका प्राविधिकहरुसँग कृषि, पशु स्वास्थ्य र योजनासँग सम्बन्धित सेवा लिन सकिने<br>▪ सुशासनको परिचय र महत्त्व<br>▪ असल शासन नै सुशासन र पारदर्शीताको लागि सुशासनको महत्त्व (पारदर्शिता, कानुनको शासन, | बारे छलफल गराउने | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | उत्तरदायित्व, जनसहभागिता) | | | |
| ३. हाम्रो पेसा, व्यवसाय र आर्थिक क्रियाकलाप | ▪ पशुपक्षी पालन<br>▪ व्यावसायिक पशुपक्षी पालनको महत्व<br>▪ व्यावसायिक पशुपक्षी पालनको वर्तमान अवस्था<br>▪ मौरीपालनको परिचय र महत्त्व<br>▪ व्यावसायिक मौरीपालनको वर्तमान अवस्था र बजारीकरण | ▪ पशुपक्षीपालनको परिचय दिन<br>▪ निर्वाहमुखी र व्यावसायिक पशुपक्षीपालनको वर्गीकरण गर्न<br>▪ व्यावसायिक पशुपक्षीपालनको महत्व र वर्तमान अवस्था बताउन<br>▪ मौरीपालनको परिचय र महत्त्व बताउन<br>▪ व्यावसायिक मौरीपालनको वर्तमान अवस्था र बजारीकरण बारे बताउन | ▪ पशुपक्षीपालन (कुखुरा, माछा, गाई, भैँसी, बाख्रा, बङ्गुर, कालिज आदि)<br>▪ जीवन निर्वाहका लागि पशुपक्षीपालन<br>▪ अर्थोपार्जनको लागि पशुपक्षीपालन<br>▪ व्यावसायिक पशुपक्षीपालनको महत्त्व<br>▪ व्यावसायिक पशुपक्षीपालनको वर्तमान अवस्था (आधिकारिक निकायमा दर्ता भई सञ्चालनमा रहेका )<br>▪ मौरीपालनको परिचय र महत्त्व<br>▪ व्यावसायिक मौरीपालनको वर्तमान अवस्था र बजारीकरण (आधिकारिक | ▪ पशुपक्षीपालनको परिचय दिने<br>▪ निर्वाहमुखी र व्यावसायिक पशुपक्षीपालनको महत्व र वर्तमान अवस्था बताउने<br>▪ प्रश्नोत्तर विधिको माध्यमबाट मौरीपालनको परिचय र महत्त्व बताउने<br>▪ व्यावसायिक मौरीपालनको वर्तमान अवस्था के छ बताउने<br>▪ मौरी, मह र घारको बजारीकरण र आर्थिक लाभ बारे बताउने | ▪ पशुपक्षीपालनको परिचय दिन लगाउने<br>▪ निर्वाहमुखी र व्यावसायिक पशुपक्षीपालनको वर्गीकरण गर्न लगाउने<br>▪ व्यावसायिक पशुपक्षीपालनको महत्त्व र वर्तमान अवस्था भन्न र लेख्न लगाउने<br>▪ मौरीपालनको परिचय र महत्त्व बताउन लगाउने<br>▪ व्यावसायिक मौरीपालनको वर्तमान अवस्था र बजारीकरण बारे बताउन लगाउने | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | निकायमा दर्ता भई सञ्चालनमा रहेका ) | | | |
| ४. हाम्रा विकासका पूर्वाधारहरु | ▪ विकासका पूर्वाधारहरुको परिचय<br>▪ हाम्रो जलस्रोत<br>▪ हाम्रो स्वास्थ्य | ▪ विकासका पूर्वाधारहरुको नाम सहित परिचय दिन<br>▪ गाउँपालिका भित्र रहेका जलस्रोतको पहिचान, वर्गीकरण, प्रयोग, महत्व र सम्भावना बताउन<br>▪ गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको नाम र स्थान सहित वर्गीकरण गर्न<br>▪ गाउँपालिकाको नक्सा बनाई स्वास्थ्य संस्थाहरु देखाउन<br>▪ स्वस्थ जीवनको लागि असल खानपानका सूत्रहरु बताउन<br>▪ पत्रु खानाबाट हुने असर र यसको नियन्त्रणका उपायहरु बताउन | ▪ विकासका पूर्वाधारहरु (विकासका लागि उपलब्ध गराइने आधारभूत सेवा सुविधाहरु) को परिचय (शिक्षा, स्वास्थ्य, खानेपानी, यातायत, विद्युत, सिंचाई, पर्यटन, सूचना तथा सञ्चार, उर्जा)<br>▪ हाम्रो जलस्रोत<br>▪ गाउँपालिका भित्र रहेका जलस्रोतको पहिचान, वर्गीकरण, प्रयोग, महत्त्व र सम्भावना (सिंचाई, खानेपानी, यातायात, मनोरञ्जन, व्यवसाय)<br>▪ हाम्रो स्वास्थ्य<br>▪ गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको नाम, नक्साङ्कन, | ▪ विकासका पूर्वाधारहरु लेखिएको चार्ट देखाई नाम र परिचय बारे छलफल गर्ने<br>▪ नक्साको प्रयोग गरी गाउँपालिका भित्र रहेका जलस्रोतको पहिचान, वर्गीकरण, प्रयोग, महत्त्व र सम्भावना बताउने<br>▪ नक्साको प्रयोग गरी गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको नाम, स्थान, वर्गीकरण र उपलब्ध सेवाहरुका बारेमा छलफल गर्ने<br>▪ चार्ट देखाई प्रश्नोत्तर विधि मार्फत असल खानपानका सूत्रहरु बारे छलफल गर्ने<br>▪ पत्रु खानाबाट हुने असर र यसको नियन्त्रणका | ▪ विकासका पूर्वाधारहरुको नाम सहित परिचय दिन लगाउने<br>▪ गाउँपालिका भित्र रहेका जलस्रोतको पहिचान, वर्गीकरण, प्रयोग, महत्त्व र सम्भावना बताउन लगाउने<br>▪ गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको नाम र स्थान सहित वर्गीकरण गर्न लगाउने<br>▪ गाउँपालिकाको नक्सा बनाई स्वास्थ्य संस्थाहरु देखाउन लगाउने<br>▪ स्वस्थ जीवनको लागि असल खानपानका सूत्रहरु भन्न र लेख्न लगाउने | १८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | वर्गीकरण (उपलब्ध हुने सेवाहरु समेत )<br>▪ स्वस्थ जीवनको लागि असल खानपान<br>▪ पत्रु खानाबाट हुने असर र नियन्त्रणका उपायहरु<br>▪ असल खानपानका सूत्रहरु (खानाको ७ समूहहरु र हरेक बार खाना चार बारे जानकारी) | उपायहरु उदाहरण सहित बताउने | ▪ पत्रु खानाबाट हुने असर र यसको नियन्त्रणका उपायहरु भन्न लगाउने | |
| ५. हाम्रो वातावरण र हरित विद्यालय | ▪ सामुदायिक बन<br>▪ बनमा आधारित आर्थिक क्रियाकलापहरु<br>▪ वातावरण प्रदूषण<br>▪ माटो प्रदूषण<br>▪ जल प्रदूषण<br>▪ हरियाली प्रवर्द्धनको परिचय, महत्व, तरिका र सहभागिता<br>▪ दिगो विकास | ▪ सामुदायिक बनको परिचय दिन र गाउँपालिका भित्र रहेका मुख्य सामुदायिक बनहरुको नाम बताउन<br>▪ मुख्य सामुदायिक बनका विशेषताहरु बताउन<br>▪ वनमा आधारित आर्थिक क्रियाकलापहरु बताउन | ▪ सामुदायिक बनको परिचय<br>▪ गाउँपालिका भित्र रहेका मुख्य सामुदायिक बनहरु (ठूलो सामुदायिक बन- नलाङ, बागमारा सामुदायिक बन- कुम्पुर, बेनीपाखो सामुदायिक बन- सलाङ आदि)<br>▪ गाउँपालिका भित्र रहेका सामुदायिक | ▪ प्रश्नोत्तर विधिको प्रयोग गरी सामुदायिक बनको परिचय दिने र गाउँपालिका भित्र रहेका मुख्य सामुदायिक बनहरुको नाम बताउने<br>▪ गाउँपालिका भित्रका मुख्य सामुदायिक बनका विशेषताहरु बताउदै टिपोट गर्न लगाउने | ▪ सामुदायिक बनको परिचय दिन र गाउँपालिका भित्र रहेका मुख्य सामुदायिक बनहरुको नाम बताउन लगाउने<br>▪ मुख्य सामुदायिक बनका विशेषताहरु बताउन लगाउने<br>▪ बनमा आधारित आर्थिक क्रियाकलापहरु भन्न र लेख्न लगाउने | १६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ▪ वातावरण प्रदूषणको परिचय दिन<br>▪ जलप्रदूषणका असर र न्यूनीकरणका उपायहरु बताउन<br>▪ माटो प्रदूषणका असर र न्यूनीकरणका उपायहरु बताउन<br>▪ हरियाली प्रवर्द्धनको परिचय दिन<br>▪ हरियाली प्रवर्द्धनको महत्त्व र तरिका बताउन<br>▪ दिगो विकासको परिचय दिन र अवधारणा बताउन<br>▪ दिगो विकास र वातावरण संरक्षणका उपायहरु बताउन | बनका विशेषताहरु<br>▪ बनमा आधारित आर्थिक क्रियाकलापहरु (पशुपालन, जडीबुटी, काठ, फर्निचर उद्योग, नर्सरी निर्माण, उर्जाको मुख्य स्रोत)<br>▪ वातावरण प्रदूषण<br>▪ जलप्रदूषण ( किन ? कहाँ ? कसरी ? असर र न्यूनीकरणका उपायहरु)<br>▪ माटो प्रदूषण ( किन ? कहाँ ? कसरी ? असर र न्यूनीकरणका उपायहरु )<br>▪ हरियाली प्रवर्द्धनको परिचय, महत्व, तरिका र सहभागिता<br>▪ हरित घर<br>▪ हरित विद्यालय<br>▪ हरित वातावरण | ▪ बनमा आधारित आर्थिक क्रियाकलापहरु के-के हुन सक्छन भनी टिपोट गर्ने गराउने<br>▪ वातावरण प्रदूषणको परिचय दिने<br>▪ जलप्रदूषण किन ? कहाँ ? कसरी ? भइरहेको छ प्रश्नोत्तर विधिबाट छलफल गरी निष्कर्षमा पुग्न क्षेत्र भ्रमण गराउने<br>▪ माटो प्रदूषण किन ? कहाँ ? कसरी ? भइरहेको छ प्रश्नोत्तर विधिबाट छलफल गरी निष्कर्षमा पुग्न क्षेत्र भ्रमण गराउने<br>▪ हरियाली प्रवर्द्धनको परिचय दिदै घर, विद्यालय र वरपरको वातावरणमा हरियाली प्रवर्द्ध गर्न के गर्ने ? कसरी गर्ने ? किन गर्ने ? भनी छलफल विधिबाट | ▪ वातावरण प्रदूषणको परिचय भन्न लगाउने<br>▪ जलप्रदूषणका असर र न्यूनीकरणका उपायहरु बताउन लगाउने<br>▪ माटो प्रदूषणका असर र न्यूनीकरणका उपायहरु बताउन लगाउने<br>▪ हरियाली प्रवर्द्धनको परिचय दिन लगाउने<br>▪ हरियाली प्रवर्द्धनको महत्व र तरिका बताउन लगाउने<br>▪ दिगो विकासको परिचय दिन र अवधारणा बताउन लगाउने<br>▪ दिगो विकास र वातावरण संरक्षणका उपायहरु भन्न लगाउने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ▪ दिगो विकासको परिचय र अवधारणा<br>▪ दिगो विकास र वातावरण संरक्षणका उपायहरु | निष्कर्ष दिने<br>▪ प्रश्नोत्तर र छलफल विधिबाट दिगो विकासको परिचय र अवधारणा बताउने<br>▪ वातावरण संरक्षणका उपायहरु उदाहरण सहित चर्चा गर्ने | | |
| ६. दुर्घटना तथा विपद् व्यवस्थापन | ▪ ट्राफिक नियम<br>▪ सवारी दुर्घटना र उद्धार<br>▪ विपद् व्यवस्थापन | ▪ ट्राफिक नियमका मुख्य-मुख्य सङ्केतहरु पहिचान गर्न<br>▪ सवारी दुर्घटनाका कारण र असर बताउन<br>▪ सवारी दुर्घटनाबाट बच्न अपनाउनुपर्ने सावधानीहरु बताउन<br>▪ बाटो काट्न सहयोग गर्न<br>▪ विपद् व्यवस्थापनको परिचय दिई प्रकार बताउन<br>▪ विपद्को समयमा | ▪ ट्राफिक नियमका मुख्य-मुख्य सङ्केतहरु<br>▪ सवारी दुर्घटनाका कारण, असर र अपनाउनु पर्ने सावधानीहरु<br>▪ बाटो काट्दा गर्नु पर्ने सहयोग (बालबालिका, अपाङ्गता भएका नागरिक, जेष्ठ नागरिक आदि)<br>▪ विपद् व्यवस्थापनको परिचय र प्रकार<br>▪ विपदका प्रकारहरु (मानव सिर्जित र | ▪ सङ्केतहरुको प्रयोग गरी ट्राफिक नियम सिकाउने<br>▪ प्रश्नोत्तर र छलफल विधिबाट सवारी दुर्घटनाका कारण र असरहरु बताउने<br>▪ सवारी दुर्घटनाबाट बच्न अपनाउनु पर्ने सावधानीहरु बताउने<br>▪ बालबालिका, अपाङ्गता भएका नागरिक, जेष्ठ नागरिक आदि लाई बाटो काट्दा कसरी सहयोग गर्नुपर्छ भनी बताउने | ▪ ट्राफिक नियमका मुख्य-मुख्य सङ्केतहरु पहिचान गर्न लगाउने<br>▪ सवारी दुर्घटनाका कारण र असर भन्न र लेख्न लगाउने<br>▪ सवारी दुर्घटनाबाट बच्न आवश्यक पर्ने सावधानीहरु भन्न र लेख्न लगाउने<br>▪ बाटो काट्न सहयोग गर्ने तरिका भन्न लगाउने<br>▪ विपद् व्यवस्थापनको परिचय दिई प्रकार | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | अपनाउनु पर्ने सावधानीहरु बताउन<br>▪ विपद्मा उद्धार प्रक्रिया चक्र सहित बताउन<br>▪ विपद् व्यवस्थापनको कृत्रिम अभ्यास गर्न | प्राकृतिक)<br>▪ विपद्को समयमा अपनाउनु पर्ने सावधानीहरु<br>▪ विपद्मा उद्धार प्रक्रिया (चक्र सहित)<br>▪ विपद् व्यवस्थापनको कृत्रिम अभ्यास | ▪ विपद् व्यवस्थापनको परिचय दिई छलफल विधिको माध्यमबाट विपद्का प्रकारहरु भन्न लगाउने र विद्यार्थीले भनेका विपद्हरु प्राकृतिक वा मानव सिर्जित के हुन् भनी सोधी निष्कर्षमा पुग्ने<br>▪ विपद्को समयमा अपनाउनु पर्ने सावधानीहरु के-के हुन सक्छन् भनी छलफल गरी निष्कर्षमा पुग्ने<br>▪ अब विपद् आएको खण्डमा विपद् प्रभावित व्यक्ति वा समुदायलाई कसरी उद्धार गर्ने भनी विपद्मा उद्धार प्रक्रियाको चक्र सहित व्याख्या गर्ने<br>▪ विपद् व्यवस्थापनको | बताउन लगाउने<br>▪ विपद्को समयमा अपनाउनु पर्ने सावधानीहरु भन्न लगाउने<br>▪ विपद्मा उद्धार प्रक्रिया चक्र सहित भन्न लगाउने<br>▪ विपद् व्यवस्थापनको कृत्रिम अभ्यास गर्न लगाउने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | कृत्रिम अभ्यास गर्ने | | |
| ७. नैतिक व्यवहार र जीवन उपयोगी सिपहरु | ▪ समावेशी व्यवहार<br>▪ श्रम र सिर्जनाको सम्मान र अभ्यास गर्ने बानीको विकास<br>▪ स्थानीय परिकार, पौष्टिक तत्वको संरक्षण र उपयोग<br>▪ सिपको व्यावहारिक प्रयोग<br>    ▪ माला उन्ने<br>    ▪ मस्यौरा बनाउने<br>    ▪ सादा पुलाउ बनाउने | ▪ समावेशी व्यवहारको अवधारणा बताउन<br>▪ श्रम र सिर्जनाको सम्मान र अभ्यास गर्ने बानीको विकास गर्न<br>▪ काम र आर्थिक उपार्जनसँगको सम्बन्ध बताउन<br>▪ आफूसँग भएको क्षमताको पहिचान गरी अभ्यास गर्न<br>▪ क्षमता अनुसारको लक्ष्य निर्धारण गर्न<br>▪ सिर्जनशील मानिसको पहिचान र अनुशरण गर्न<br>▪ स्थानीय परिकारको पौष्टिक तत्व नष्ट नहुने गरी उपयोग गर्न<br>▪ पौष्टिक तत्व नष्ट नहुने गरी परिकारहरु बनाउने तरिका | ▪ समावेशी व्यवहार (लैङ्गिक व्यवहार, अपाङ्गता मैत्री व्यवहार, उमेरगत व्यवहार, वर्गीय व्यवहार)<br>▪ श्रम र सिर्जनाको सम्मान र अभ्यास गर्ने बानीको विकास<br>▪ काम गर्नु पर्छ भन्ने भावनाको विकास<br>▪ कामको सम्मान गर्नु पर्छ भन्ने भावनाको विकास<br>▪ काम गर्ने अभ्यास<br>▪ काम र आर्थिक उपार्जनसँगको सम्बन्ध<br>▪ आफूसँग भएको क्षमताको पहिचान र अभ्यास<br>▪ क्षमता अनुसारको लक्ष्य निर्धारण<br>▪ सिर्जनशील मानिसको पहिचान र | ▪ विद्यार्थीहरुलाई समावेशी व्यवहार के हो भनी प्रश्न सोध्ने<br>▪ लैङ्गिक व्यवहार, अपाङ्गता मैत्री व्यवहार, उमेरगत व्यवहार, वर्गीय व्यवहार आदिलाई समावेशी व्यवहार भनिन्छ भनी अवधारणा बताउने<br>▪ प्रश्नोत्तर विधिको प्रयोग गरी कुनै पनि श्रम र पेसा सानो र ठूलो हुदैन भन्ने कुरा बताउने<br>▪ काम गर्ने भावनाको विकास, काम गर्ने अभ्यास र कामको सम्मान गर्नु पर्छ भनी प्रष्ट पार्ने<br>▪ असल कामबाट आर्थिक उपार्जन गर्न सकिन्छ भनी उदाहरणबाट प्रष्ट | ▪ समावेशी व्यवहारको अवधारणा भन्न लगाउने<br>▪ श्रम र सिर्जनाको सम्मान र अभ्यास गर्ने बानीको विकास गर्न लगाउने<br>▪ काम र आर्थिक उपार्जनसँगको सम्बन्ध भन्न र लेख्न लगाउने<br>▪ आफूसँग भएको क्षमताको पहिचान गरी अभ्यास गर्न लगाउने<br>▪ क्षमता अनुसारको लक्ष्य निर्धारण गर्न लगाउने<br>▪ सिर्जनशील मानिसको पहिचान र अनुशरण गर्न लगाउने<br>▪ स्थानीय परिकारको पौष्टिक तत्व नष्ट | १८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बताउन<br>▪ सिपको व्यावहारिक प्रयोग गर्न | अनुशरण<br>▪ काम प्रतिको सन्तुष्टि<br>▪ स्थानीय परिकार, पौष्टिक तत्वको संरक्षण र उपयोग<br>▪ पौष्टिक तत्व नष्ट नहुने गरी बनाउने र खाने तरिकाहरु (साग धेरै बेर नपकाउने, फ्राइ गरेर खाना नखाने, पत्रु खाना नखाने, पत्रुखानाको सट्टामा स्थानीय खाना खाने, डढाएर पकाएको खाना नखाने, चामल धेरै नपखाल्ने, तरकारीको बोक्रा धेरै बाक्लो नताछ्ने आदि)<br>▪ सिपको व्यावहारिक प्रयोग<br>▪ माला उन्ने तरिका र अभ्यास<br>▪ मस्यौरा बनाउने तरिका र अभ्यास<br>▪ सादा पुलाउ बनाउने | पार्ने<br>▪ आफ्नो क्षमता र रुचि अनुसार लक्ष्य निर्धारण गरेमा सफल हुन सकिन्छ भनी उदाहरण सहित बताउने<br>▪ स्थानीय रुपमा उपलब्ध बालीनालीहरुबाट बन्ने परिकारहरुको जानकारी, ती परिकारहरु पौष्टिक हुनुको कारण र त्यसको उपयोगलाई कसरी बढाउन सकिन्छ भनी प्रश्नोत्तर विधिबाट निष्कर्षमा पुग्ने<br>▪ माला उन्ने तरिका बताउने र अभ्यास गर्न लगाउने<br>▪ मस्यौरा बनाउने तरिका बताउने र अभ्यास गर्न लगाउने<br>▪ सादा पुलाउ बनाउने तरिका बताउने र | नहुने गरी उपयोग गर्न लगाउने<br>▪ पौष्टिक तत्व नष्ट नहुने गरी परिकारहरु बनाउने तरिका बताउने<br>▪ माला उन्ने, मस्यौरा बनाउने, सादा पुलाउ बनाउने लगायतका सिपको व्यावहारिक प्रयोग गर्न लगाउने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | तरिका र अभ्यास | अभ्यास गर्न लगाउने | | |
| ८. योग, आयुर्वेद र खेलकुद | ▪ ऋतुचर्याको परिचय र अभ्यास<br>▪ ध्यान मुद्रा<br>▪ भ्रामरी<br>▪ कपालभाती<br>▪ स्थानीय जडीबुटी<br>▪ घोडटाप्रे<br>▪ कुरिलो<br>▪ अलैची<br>▪ बोझो<br>▪ स्थानीय खेल<br>▪ बाघचाल<br>▪ छोइडुम<br>▪ डोरी | ▪ ऋतुचर्याको परिचय दिन<br>▪ ऋतुहरुको नाम र ती ऋतुमा पर्ने महिनाको नाम बताउन<br>▪ ऋतु अनुसारको आहार विहार गर्न<br>▪ ध्यान मुद्रा, भ्रामरी र कपालभातीको परिचय दिन, अभ्यास गर्न र फाइदा बताउन<br>▪ स्थानीय जडीबुटीहरु घोडटाप्रे, कुरिलो, अलैची र बोझोको परिचय दिन र उपयोगको तरिका बताउन<br>▪ बाघचाल, छोइडुम, डोरी लगायतका स्थानीय खेलहरुको परिचय दिन, नियम बताउन र अभ्यास गर्न | ▪ ऋतुचर्याको परिचय<br>▪ ऋतुको नाम<br>▪ ऋतुमा पर्ने महिना<br>▪ ऋतु अनुसार आहार विहार<br>▪ ध्यान मुद्रा, भ्रामरी र कपालभातीको परिचय, अभ्यास र फाइदा<br>▪ स्थानीय जडीबुटीहरु (घोडटाप्रे, कुरिलो, अलैची र बोझो) को परिचय र उपयोग<br>▪ स्थानीय खेल (बाघचाल, छोइडुम, डोरी र अन्य स्थानीय खेल) को परिचय, नियम र अभ्यास | ▪ चार्ट देखाएर छलफल विधिको प्रयोग गरी ऋतुचर्याको परिचय, ऋतुका प्रकार, ऋतु अनुसारका महिना र ऋतु अनुसार आहार विहार सम्बन्धी जानकारी दिने<br>▪ ध्यान मुद्रा, भ्रामरी र कपालभातीको परिचय दिने<br>▪ नमुना सहित ध्यान मुद्रा, भ्रामरी र कपालभातीको अभ्यास गराउने र फाइदाको चर्चा गर्ने<br>▪ जडीबुटीहरु लेखिएको चार्ट देखाई प्रश्नोत्तर र छलफल विधिको प्रयोग गरेर घोडटाप्रे, कुरिलो, अलैची र बोझोको परिचय दिने र उपयोगको तरिका बताउने | ▪ ऋतुचर्याको परिचय, ऋतुका प्रकार, ऋतु अनुसारका महिना र ऋतु अनुसार आहार विहार सम्बन्धी प्रश्न सोधी उत्तर भन्न लगाउने<br>▪ ध्यान मुद्रा, भ्रामरी र कपालभातीको परिचय दिन लगाउने, अभ्यास गर्न लगाउने र फाइदा भन्न लगाउने<br>▪ स्थानीय जडीबुटीहरु घोडटाप्रे, कुरिलो, अलैची र बोझोको परिचय दिन लगाउने र उपयोगको तरिका भन्न लगाउने<br>▪ बाघचाल, छोइडुम, डोरी लगायतका स्थानीय खेलहरुको परिचय दिन लगाई नियम भन्न लगाउने र अभ्यास गर्न पनि लगाउने | १८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ▪ बाघचाल, छोइडुम, डोरी लगायतका स्थानीय खेलहरुको परिचय दिई नियम बताउने र अभ्यास गर्ने | | |

**कक्षा : ७**

| क्षेत्र / एकाइ | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १. हाम्रो गाउँपालिका | ▪ जनसाङ्ख्यिक अवस्था<br>▪ वडागत परिचय<br>▪ बस्ती विकास र शहरीकरण<br>▪ प्रेरक व्यक्तित्वहरु (शैक्षिक, राजनैतिक) | ▪ सबै वडा सहित गाउँपालिकाको जनसङ्ख्याको अवस्था बताउन<br>▪ गाउँपालिका भित्रको जनसाङ्ख्यिक विशेषताहरु बताउन<br>▪ गाउँपालिकाको नक्सा हेरी सबै वडाको केन्द्र सहित परिचय बताउन<br>▪ नक्सा बनाई गाउँपालिका भित्रका पुराना बस्ती, नयाँ शहरोन्मुख बस्तीहरु र मुख्य शहरीकरण भएका क्षेत्रहरुको | ▪ गाउँपालिकाको जनसङ्ख्याको अवस्था वडागत समेत<br>▪ लैङ्गिक<br>▪ जातिगत<br>▪ भाषागत<br>▪ साक्षरता<br>▪ धार्मिक<br>▪ गाउँपालिकाको जनसाङ्ख्यिक विशेषताहरु<br>▪ गाउँपालिकाको सबै वडाहरुको वडागत परिचय (केन्द्र सहित वडागत नक्सा) | ▪ चार्ट बनाई गाउँपालिका भित्रको लैङ्गिक, जातिगत, भाषागत, धार्मिक तथा साक्षरतागत जनसङ्ख्या बारे जानकारी दिने, विगत र वर्तमानको जनसाङ्ख्यिक अवस्थालाई तुलना गर्न लगाई जनसाङ्ख्यिक विशेषताहरु बारे छलफल गराउने<br>▪ गाउँपालिकाको नक्सा देखाई विभिन्न भौगोलिक जानकारीहरु दिने र विद्यार्थीहरुलाई | ▪ गाउँपालिका भित्रको जनसङ्ख्याको बनोट र विशेषताहरु बारे सोध्ने र विद्यार्थीहरुले तयार गरेको चार्ट हेर्ने<br>▪ विद्यार्थीहरुले तयार गरी विभिन्न जानकारीहरु देखाइएको नक्सा हेर्ने<br>▪ प्रेरक व्यक्तित्वहरुको | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | पहिचान गरी भर्न<br>▪ गाउँपालिका भित्रका मुख्य शैक्षिक र राजनैतिक व्यक्तित्वहरुको सङ्क्षिप्त जानकारी लिन | ▪ मुख्य शहरीकरण भएका क्षेत्रहरु (बुङचुङ, आदमटार, पिपलटार, ठाँटीभञ्ज्याङ, खिर्रेभञ्ज्याङ, सलाङघाट, फिस्टार, परेवाटार, कालीदह)<br>▪ पुराना बस्ती र नयाँ शहर उन्मुख बस्तीहरु तथा बस्तीविकास सम्बन्धी भू-मापदण्ड<br>▪ गाउँपालिका भित्रका प्रेरक व्यक्तित्वहरु (शैक्षिक, राजनैतिक)<br>  ▪ सिद्धलेक गाउँपालिकाबाट विद्यावारिधि (पि. एच. डी.) गर्ने व्यक्तित्व प्रा. डा. लिलानाथ पौडेल, प्रा. डा. ठाकुर सिलवाल<br>  ▪ चिकित्सा शास्त्रमा एम. डी. गर्ने डा. गोपी अर्याल<br>  ▪ प्राध्यापक कृष्ण पौडेल<br>  ▪ सिद्धलेक | समेत नक्सा बनाउन लगाई सबै वडाका केन्द्र, धार्मिक, पर्यटकीय, ऐतिहासिक स्थलहरु लगायत मुख्य शहरहरु, पुराना बस्तीहरु, नयाँ बस्तीहरु, नदी, खोला, जङ्गल, कृषि योग्य जमिन लगायतका जानकारीहरु भर्न लगाउने<br>▪ गाउँपालिका क्षेत्र भित्रका शैक्षिक र राजनैतिक व्यक्तित्वहरुको बारेमा जानकारी दिने, सम्भव भएसम्म प्रत्यक्ष भेटघाट गराई अनुभव सम्बन्धी जानकारी गराउने | अनुभवहरुको सूची तयार गर्न लगाउने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | गाउँपालिकाका निर्वाचित अध्यक्ष (प्रेमनाथ सिलवाल, परशुराम खतिवडा, ..........)<br>▪ सिद्धलेक गाउँपालिकाका निर्वाचित उपाध्यक्ष (कमला शर्मा, सविता अर्याल .........)<br>▪ अन्य कोही भएमा .................... | | | |
| २. स्थानीय तह र सुशासन | ▪ गाउँ कार्यपालिकाका पदाधिकारीहरुको कार्य विभाजन<br>▪ गाउँपालिका मातहतका विभिन्न समितिहरु<br>▪ न्यायिक समितिको नमुना अभ्यास<br>▪ सुशासनका आयाम तथा सूचकहरु | ▪ गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र कार्यपालिका सदस्यहरुको कार्यहरु बताउन<br>▪ गाउँपालिका मातहतमा रहने विषयगत समिति, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरे बमोजिमका समिति, गाउँसभाले गठन गर्न सक्ने समिति र अन्य समितिहरुको नाम बताउन | ▪ गाउँ कार्यपालिकाका पदाधिकारीहरुको कार्यविभाजन<br>▪ स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले तोके बमोजिम गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र कार्यपालिकाका सदस्यहरुको कार्यहरु<br>▪ गाउँपालिका मातहतका विभिन्न समितिहरु<br>▪ विषयगत समितिहरु (सामाजिक विकास समिति, पूर्वाधार | ▪ गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र कार्यपालिका सदस्यहरुको कार्यको सूची देखाई छलफल गराउने<br>▪ गाउँपालिका मातहतका विषयगत समिति, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरे बमोजिमका समिति, गाउँसभाले गठन गर्न सक्ने समिति र अन्य समितिहरुको सूची देखाइएको चार्ट प्रस्तुत गर्ने र विद्यार्थीलाई समेत | ▪ गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र कार्यपालिका सदस्यहरुको कार्यहरु सोध्ने र सूची बनाउन लगाउने<br>▪ विभिन्न विषयगत समितिहरुको नाम र कार्य सोध्ने तथा सूची तयार गर्न लगाउने<br>▪ न्यायिक समितिको गठन प्रक्रिया भन्न र | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ▪ न्यायिक समितिको गठन प्रक्रिया र यसको मुख्य कार्य बताउन<br>▪ समुदायमा उत्पन्न विवाद समाधान तथा मेलमिलापको लागि सहजकर्ताको भूमिका निर्वाह गर्न सक्ने सिपको विकास गर्न<br>▪ सुशासनका आयाम तथा सूचकहरुको सूची तयार गर्न | | विकास समिति, वन, वातावरण तथा विपद् व्यवस्थापन समिति, आर्थिक विकास समिति, सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समिति)<br>▪ स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरे बमोजिमका समितिहरु (राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति)<br>▪ गाउँसभाबाट गठन गर्न सक्ने समितिहरु (विधायन समिति, लेखा समिति, सुशासन समिति)<br>▪ गाउँ शिक्षा समिति<br>▪ न्यायिक समिति- गाउँपालिका भित्र देखिएका विवादहरु | तयार गर्न लगाउने<br>▪ विभिन्न विषयगत समितिले गर्ने मुख्य कार्यहरु बताइदिने<br>▪ न्यायिक समितिको गठन प्रक्रिया र यसको मुख्य कार्य छलफल गराउने<br>▪ न्यायिक समितिले गर्ने विवाद समाधान तथा मेलमिलाप सम्बन्धी नमुना अभ्यास गराउने<br>▪ सुशासनको आयाम तथा सूचकहरुको सूची सहितको चार्ट प्रस्तुत गरी थप छलफल गराउने | लेख्न लगाउने<br>▪ समुदायमा उत्पन्न हुने विवाद समाधान तथा मेलमिलाप गराउने कार्यको नमुना अभ्यास गर्न लगाउने<br>▪ सुशासनका आयाम तथा सूचकहरुको सूची तयार गर्न लगाउने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | समाधान गरी मेलमिलाप गराउनको लागि उपाध्यक्षको संयोजकत्वमा गाउँसभाका २ जना सदस्य रहने गरी ३ सदस्यीय समिति हुने व्यवस्था<br>▪ विवाद समाधान तथा मेलमिलाप सम्बन्धी नमुना अभ्यास<br>▪ सुशासनका आयाम तथा सूचकहरु (जनसहभागितामूलक शासन व्यवस्था, जनउत्तरदायी सरकार सञ्चालन, शासन प्रक्रियामा पारदर्शिता अवलम्बन, कानुनमा आधारित शासन व्यवस्था, जवाफदेही शासन सञ्चालन, प्रशासनको सरलीकरण र निर्णय प्रक्रियामा सरोकारवालाको सहभागिता, समावेशीतामा आधारित न्यायपूर्ण समाज निर्माणमा जोड, भ्रष्टाचार | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | रहित समाजको परिकल्पना, दण्डहीनताको अन्त्य र कानुनको परिपालना, नियम कानुनको पूर्ण परिपालना, वित्तीय जवाफदेहिता प्रवर्द्धन, स्वतन्त्र प्रेसको व्यवस्था) | | | |
| ३. हाम्रो पेसा, व्यवसाय र आर्थिक क्रियाकलाप | ▪ घरेलु उद्योगको परिचय र महत्त्व<br>▪ हाम्रो गाउँपालिका भित्रका घरेलु उद्योगहरुको वर्तमान अवस्था र सम्भावना<br>▪ आन्तरिक रोजगारीका क्षेत्रहरु<br>▪ वैदेशिक रोजगार<br>▪ रोजगारीका लागि सिपविकास तालिम | ▪ घरेलु उद्योगको परिचय दिई यसको महत्त्व बताउन<br>▪ गाउँपालिका भित्र रहेका घरेलु उद्योगहरुको सूची तयार गरी तिनीहरुको वर्तमान अवस्था, सम्भावना, व्यावसायिकता र बजार बारे बताउन<br>▪ आन्तरिक रोजगारीका क्षेत्रहरु (पानी उद्योग, हर्वल उद्योग लागयत अन्य) को सूची तयार गर्न<br>▪ वैदेशिक रोजगारको परिचय बताई यसको वर्तमान अवस्था र | ▪ घरेलु उद्योगको परिचय र महत्त्व (स्थानीय सिप, कला, संस्कृति र स्थानीय स्रोतसाधनमा आधारित श्रममूलक उद्योग )<br>▪ हाम्रो गाउँपालिका भित्र रहेका घरेलु उद्योगहरुको वर्तमान अवस्था, सम्भावना, व्यावसायिकता र बजार (आधिकारिक निकायमा दर्ता भई सञ्चालनमा रहेका जस्तै : दुना-टपरी बनाउने, सारङ्गी बनाउने, ढाका बुनाइ)<br>▪ आन्तरिक रोजगारीका क्षेत्रहरु (घरेलु उद्योग, व्यावसायिक कृषि, | ▪ घरेलु उद्योगको परिचय र महत्त्व बताउने<br>▪ गाउँपालिका क्षेत्र भित्रका घरेलु उद्योगहरु जस्तै : सिद्धलेक-४, गौथलेमा रहेको दुना-टपरी बनाउने उद्योग, आदामारामा रहेको ढाका बुनाइ उद्योग तथा सिद्धलेक-३, ढवाडीमा रहेको सारङ्गी बनाउने उद्योगमा भ्रमण गराई तिनीहरुको वर्तमान अवस्था, सम्भावना, व्यावसायिकता र बजारीकरणका सम्बन्धमा छलफल गराउने<br>▪ आन्तरिक रोजगारीका क्षेत्रहरुको सूची देखाई यसको महत्व र | ▪ घरेलु उद्योग सम्बन्धी विविध प्रश्नहरु सोधी उत्तर भन्न लगाउने<br>▪ गाउँपालिका भित्र रहेका घरेलु उद्योगहरुको नाम सहित यसको अवस्था, सम्भावना, व्यावसायिकता, बजारीकरण सम्बन्धी सूची तयार गर्न लगाउने<br>▪ आन्तरिक रोजगारीका क्षेत्रहरु, वैदेशिक रोजगार तथा सिपविकास तालिम सम्बन्धी प्रश्नहरु सोधी उत्तर | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | चुनौतीहरुको सूची तयार गर्न<br>▪ रोजगारीका लागि आवश्यक सिपविकास तालिमहरुको सूची तयार गर्न | पशुपालन, च्याउखेती लगायत अन्य )<br>▪ वैदेशिक रोजगार (परिचय, वर्तमान अवस्था र चुनौतिहरु )<br>▪ रोजगारीका लागि सिपविकास तालिम (मोबाइल मर्मत, अटोमेकानिकल, वायरिङ, प्लम्बिङ, पेन्टिङ, सिलाईबुनाइ, ब्युटीपार्लर सम्बन्धी, कपाल काट्ने, खानेकुराहरु बनाउने तथा होटल सम्बन्धी) | प्रभावकारीताबारे छलफल गराउने<br>▪ वैदेशिक रोजगारको परिचय बताई यसको वर्तमान अवस्था र चुनौतिहरु बारे छलफल गराउने<br>▪ रोजगारीका लागि आवश्यक सिपविकास तालिमको महत्व र प्रभावकारिता माथि छलफल गराई सूची तयार गर्न लगाउने | भन्न लगाउने | |
| ४. हाम्रा विकासका पूर्वाधारहरु | ▪ हाम्रो शिक्षा<br>▪ हाम्रो यातायात | ▪ गाउँपालिका भित्रका माध्यमिक विद्यालयहरुको नाम, सञ्चालित कक्षा पढाइ हुने विषय र धार बताउन<br>▪ आफ्नो विद्यालय परिसरको मोडेल तयार गर्न<br>▪ गाउँपालिका भित्रका मुख्य सडकहरुको सूची तयार गर्न<br>▪ गाउँपालिका भित्रको | ▪ हाम्रो शिक्षा<br>▪ गाउँपालिका भित्रका माध्यमिक विद्यालयहरुको पहिचान (नाम, नक्साङ्कन, सञ्चालित कक्षा, सञ्चालित विषय र धार)<br>▪ प्रयोगात्मक कार्य- आफ्नो विद्यालय परिसरको मोडेल तयार गर्ने<br>▪ हाम्रो यातायात | ▪ गाउँपालिका भित्रका माध्यमिक विद्यालयहरुको नाम, सञ्चालित कक्षा, पढाइ हुने विषय र धार सहितको सूचीको चार्ट देखाई जानकारी गराउने र पढाइ हुने विषय बारे छलफल गराउने<br>▪ आफ्नो विद्यालय परिसरको नक्सा र मोडेल तयार गर्न लगाउने<br>▪ गाउँपालिका भित्रका | ▪ गाउँपालिका भित्र रहेका माध्यमिक विद्यालयहरुको नाम, पढाइ हुने कक्षा, विषय र धार सम्बन्धी विभिन्न प्रश्नहरु सोधी उत्तर भन्न लगाउने<br>▪ आफ्नो विद्यालय परिसरको नक्सा र मोडेल तयार गर्न लगाउने<br>▪ गाउँपालिका | १८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | विगत र वर्तमानको जल यातायातका साधनहरुको सूची तयार गरी यसको जानकारी तथा सम्भाव्यता बताउन<br>■ गाउँपालिका भित्र रहेको हेलिप्याड बारे बताउन<br>■ गाउँपालिका भित्रका माध्यमिक विद्यालयहरु, मुख्य सडकहरु, जलमार्ग भएको स्थान, हेलिप्याड गाउँपालिकाको नक्सामा भर्न | ■ यातायातका माध्यमहरु (सडक यातायात, जल यातायात र हवाई यातायात)<br>■ गाउँपालिका भित्रका मुख्य सडकहरुको नाम र नक्साङ्कन सहित परिचय { कालु पाण्डे मार्ग (फुर्के खोला-च्याँङ्ग्), बुङचुङ-आरुबास-भेडाबारी-मैदान-कमलाबारी सडक, बैरेनी-अर्चले-पिपलनलाङ-ठाँटी-कमलाबारी सडक, परेवाटार-कुम्पुरभञ्ज्याङ-चेक्वाङ-कालीदह सडक, पिपलटार-भाल्डाँडा-भैँसेपोखरी-कुम्पुरभञ्ज्याङ सडक, जरे-अमनटार-आदमटार-अमिलीछाप-भाल्डाँडा सडक, बेनीदोभान-फिस्टार-पिपलटार-आदमटार सडक }<br>■ जलमार्ग | मुख्य सडकहरुको तथा जल यातायातका साधनहरुको नाम सहितको चार्ट देखाई छलफल गराउने<br>■ नाउ, फेरी, डुङ्गा, र्‍याफ्टिङ, बोटिङ, मोटरबोट आदिको फोटो वा मोडेल देखाई यिनीहरुको वर्तमान अवस्था, सम्भाव्यता, फाइदा उपयोगिता छलफल गराउने र तिनीहरुको मोडेल तयार गर्न लगाउने<br>■ मुख्य सडकमार्ग, जलमार्ग, हेलिप्याड रहेको स्थान स्थलगत भ्रमण गराउने | भित्रका मुख्य सडकमार्ग, जलमार्ग र यातायातका साधनहरुको सूची तयार गर्न लगाउने<br>■ नक्सामा माध्यमिक विद्यालयहरु, मुख्य सडकहरु, जलमार्ग र हेलिप्याड रहेको स्थानहरु भर्न लगाउने<br>■ जल यातायातका विभिन्न साधनहरुको मोडेल तयार गर्न लगाउने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ▪ विगतको जलमार्ग नाउ, फेरी, डुङ्गा बारे जानकारी<br>▪ जलमार्गको वर्तमान अवस्था र सम्भाव्यता (र्‍याफ्टिङ, बोटिङ, मोटरबोट)<br>▪ हवाई यातायातको जानकारी - हेलिप्याड (कफीडाँडा लगायतका) | | | |
| ५. हाम्रो वातावरण र हरित विद्यालय | ▪ संरक्षित जीवजन्तु तथा वनस्पतिहरु<br>▪ वनस्पति तथा वन्यजन्तु अपराध नियन्त्रणमा कानुनी व्यवस्था<br>▪ करेसावारी र पुष्प बगैँचा निर्माण<br>▪ वातावरण प्रदूषण<br>▪ वायु प्रदूषण<br>▪ ध्वनि प्रदूषण<br>▪ दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध<br>▪ दिगो विकास र वातावरण संरक्षण | ▪ राष्ट्रिय र स्थानीय स्तरमा संरक्षित जीवजन्तुहरु तथा वनस्पतिहरुको नाम बताउन<br>▪ जीवजन्तु तथा वन्यजन्तु अपराध नियन्त्रणमा भएको कानुनी व्यवस्था बारे बताउन<br>▪ मौसम र हावापानी अनुकूलका विरुवाहरुको सूची तयार गर्न र घर तथा विद्यालयमा बगैँचा र करेसाबारी निर्माण गर्न | ▪ संरक्षित जीवजन्तु तथा वनस्पतिहरु (राष्ट्रिय र स्थानीय स्तरमा)<br>▪ जीवजन्तु तथा वन्यजन्तु अपराध नियन्त्रणमा कानुनी व्यवस्था<br>▪ स्थानीय मौसम र हावापानी अनुरुप घर तथा विद्यालयमा करेसाबारी तथा पुष्प बगैँचा निर्माण (उत्पादन तथा बजारीकरण समेत )<br>▪ वातावरण प्रदूषण<br>▪ बायुप्रदूषण ( किन ? कहाँ ? कसरी ? असर र न्यूनीकरणका उपायहरु ) | ▪ राष्ट्रिय र स्थानीय स्तरमा संरक्षित जीवजन्तुहरु तथा वनस्पतिहरुको नाम सहितको चार्ट देखाई छलफल गराउने<br>▪ जीवजन्तु तथा वन्यजन्तु अपराध नियन्त्रणमा भएको कानुनी व्यवस्था बारे अवगत गराउने<br>▪ स्थानीय मौसम र हावापानी अनुकूलका विरुवाहरुको सूची बनाई कक्षाकोठामा टाँस्न लगाउने ।<br>▪ स्थानीय मौसम र हावापानी अनुकुलका | ▪ राष्ट्रिय र स्थानीय स्तरमा संरक्षित जीवजन्तुहरु तथा वनस्पतिहरुको नाम भन्न र लेख्न लगाएर तथा तिनीहरुको फोटो वा चित्र देखाई पहिचान गर्न लगाउने<br>▪ जीवजन्तु तथा वन्यजन्तु अपराध नियन्त्रणमा भएको कानुनी व्यवस्था बारे भन्न र लेख्न लगाउने<br>▪ स्थानीय मौसम र हावापानी | १६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ▪ वायुप्रदूषण र ध्वनि प्रदूषणको कारण, असर र न्यूनीकरणका उपायहरु बताउन<br>▪ दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध पत्ता लगाउन<br>▪ दिगो विकास र वातावरण संरक्षणमा विद्यार्थी, विद्यालय र समुदायको भूमिकाको सूची तयार गर्न | ▪ ध्वनि प्रदूषण ( किन ? कहाँ ? कसरी ? असर र न्यूनीकरणका उपायहरु )<br>▪ दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध<br>▪ दिगो विकास र वातावरण संरक्षणमा विद्यार्थी, विद्यालय र समुदायको भूमिका | विरुवाहरु लगाई विद्यालयमा बगैँचा निर्माण गराउने<br>▪ वायुप्रदूषण र ध्वनि प्रदूषणको कारण, असर र न्यूनीकरणका उपायहरुको सूची सहितको चार्ट बनाउन लगाई कक्षाकोठामा टाँस्न लगाउने<br>▪ दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध छलफल गराउने<br>▪ दिगो विकास र वातावरण संरक्षणमा विद्यार्थी, विद्यालय र समुदायको भूमिकाको सूची तयार गरी छलफल गराउने | अनुकूलका विरुवाहरुको नाम भन्न लगाउने<br>▪ विद्यालयमा बगैँचा निर्माण गर्न लगाउने<br>▪ वायुप्रदूषण र ध्वनि प्रदूषणको कारण, असर र न्यूनीकरणका उपायहरु भन्न लगाउने<br>▪ दिगो विकास, हरित विद्यालय र वातावरण संरक्षणमा विद्यार्थी, विद्यालय र समुदायको भूमिका भन्न लगाउने | |
| ६. दुर्घटना तथा विपद् व्यवस्थापन | ▪ विपद् व्यवस्थापन चक्र<br>▪ विपद् व्यवस्थापनमा संलग्न संघसंस्था<br>▪ विपद् व्यवस्थापनमा विद्यार्थी, विद्यालय र समुदायको भूमिका | ▪ विपद् व्यवस्थापन चक्रका तीन चरणहरुको नाम बताउन र ती चरणहरुमा गर्नुपर्ने कार्यहरुको सूची तयार गर्न | ▪ विपद व्यवस्थापन चक्र (विपद् पूर्व, विपद्को समयमा, विपद् पश्चात)<br>▪ विपद् पूर्व (रोकथाम, न्यूनीकरण र पूर्व तयारी)<br>▪ विपद्को समयमा (सुरक्षित | ▪ विपद् व्यवस्थापन चक्रका तीन चरणहरुको नाम र ती चरणहरुमा गर्नुपर्ने काम सहितको चार्ट बनाई कक्षाकोठामा टाँस गर्ने र छलफल गराउने | ▪ विपद् व्यवस्थापन चक्रका चरणहरुको नाम र ती चरणहरुमा गर्नुपर्ने काम सहितको सूची तयार गर्न लगाउने | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ▪ विपद् व्यवस्थापनमा संलग्न साझेदारी संस्थाहरुको नामको सूची तयार गर्न<br>▪ विपद् व्यवस्थापनमा विद्यार्थी, विद्यालय र समुदायको भूमिका बताउन<br>▪ विपद् व्यवस्थापन कार्यको लागि आवश्यक झटपट झोला तयार गर्न | स्थानको पहिचान गर्ने, सुरक्षित ठाउँमा बस्ने, बालबालिका, अपाङ्गता भएका व्यक्ति, अशक्त, जेष्ठ नागरिक आदिलाई सुरक्षित ठाउँमा लैजाने)<br>▪ विपद् पश्चात (खोज तथा उद्धार, राहत, पुनर्स्थापना र पुनर्निर्माण)<br>▪ विपद् व्यवस्थापनमा संलग्न संघसंस्था<br>▪ रेडक्रम<br>▪ ICDC<br>▪ प्रयास नेपाल<br>▪ फाइडर<br>▪ Action Nepal<br>▪ साना किसान कृषि सहकारी लगायत अन्य संघसंस्थाहरु<br>▪ विपद् व्यवस्थापनमा विद्यार्थी, विद्यालय र समुदायको भूमिका<br>▪ विद्यार्थीको भूमिका (घर, बाटो तथा विद्यालयमा सुरक्षित ठाउँ पहिचान गर्ने, | ▪ विपद् व्यवस्थापनमा संलग्न साझेदारी संस्थाहरुको नामहरु बताई थप छलफल गराउने<br>▪ विपद् व्यवस्थापनमा विद्यार्थी, विद्यालय र समुदायको भूमिकाको छुट्टाछुट्टै सूची बनाई कक्षाकोठामा प्रस्तुत गराउने<br>▪ सबै बालबालिकाहरुलाई सहभागी गराई झटपट झोला तयार गर्न लगाउने | ▪ विपद् व्यवस्थापनमा संलग्न साझेदारी संस्थाहरुको नाम भन्न लगाउने<br>▪ विपद् व्यवस्थापनमा विद्यार्थी, विद्यालय र समुदायको भूमिका सम्बन्धी विभिन्न प्रश्नहरु सोधेर उत्तर भन्न लगाउने<br>▪ झटपट झोला तयार गर्न लगाउने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | आफूभन्दा साना, बृद्धबृद्धा तथा अशक्तलाई सहयोग गर्ने, सूचना दिने र आफूले पनि सकेको सावधानी अपनाउने)<br>▪ विद्यालयको भूमिका (भौतिक संरचना विपद् प्रतिरोधी तथा अपाङ्गता मैत्री बनाउने, विपद्को समयमा खुला स्थान उपलब्ध गराउने, विपद्को समयको सङ्केत दिने, प्राथमिक उपचार तयारी अवस्थामा राख्ने, सूचना र थप उपचारको प्रबन्ध गर्ने, मनोपरामर्शको व्यवस्था गर्ने)<br>▪ समुदायको भूमिका (समुदायमा निर्माण हुने भौतिक संरचना विपद् प्रतिरोधी, अपाङ्गता मैत्री बनाउने र बनाउन सहयोग गर्ने, विपद्को बेला समुदायका सबै मानिसलाई सुरक्षित | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ठाउँमा लैजाने, आफू समेत सुरक्षित रहने, मनोपरामर्शको व्यवस्था गर्ने)<br>■ कृत्रिम घटना अभ्यास (झटपट झोला) | | | |
| ७. नैतिक व्यवहार र जीवन उपयोगी सिपहरु | ■ सकारात्मक सोच<br>■ सफलताका सूत्रहरु<br>■ स्थानीय सिप र जीवन निर्वाह<br>■ सिपको व्यावहारिक प्रयोग<br>  ■ आलुचप<br>  ■ बारा/फुरौला बनाउने<br>  ■ दुना टपरी गाँस्ने<br>  ■ कुचो बनाउने | ■ व्यक्तिगत जीवनमा सकारात्मक सोच राखी सकारात्मक व्यवहार देखाउन<br>■ सफल हुनका लागि आवश्यक सूत्रहरुको सूची तयार गर्न<br>■ समुदायमा हाल अवलम्बन भइरहेका र सम्भावित सिप तथा पेसाहरुको सूची तयार गरी तुलना गर्न<br>■ आलुचप र बारा/फुरौला पकाउन<br>■ दुना-टपरी गाँस्न र कुचो बनाउन | ■ सकारात्मक सोच (सकारात्मक चिन्तन, सकारात्मक व्यवहार, असल व्यक्तिको सङ्गत, जीवनको लक्ष्य, संवेगको नियन्त्रण, आशावादी सोच, सत्यको पहिचान (हार-जित, पास-फेल)<br>■ सफलताका सूत्रहरु<br>  ■ दैनिक कार्यतालिका निर्माण<br>  ■ पुस्तकालय तथा प्रयोगशालामा रहेर नयाँ विषयवस्तुको खोजी<br>  ■ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्याति प्राप्त व्यक्तिहरुको जीवनी अध्ययन<br>  ■ नकारात्मक बानीलाई हटाउने<br>  ■ जिज्ञासु हुने, पढ्ने | ■ सकारात्मक सोच र सकारात्मक व्यवहारको परिचय बताउने र यसका लागि आवश्यक अवस्थाहरु छलफल गराउने<br>■ सफलताका सूत्रहरुको सूची बनाइ कक्षाकोठामा टाँस गर्ने र बालबालिकाहरुसँग थप छलफल गर्ने<br>■ ख्याति प्राप्त व्यक्तित्वहरुको जीवनी बताइदिने<br>■ समुदायमा हाल अवलम्बन भइरहेका र सम्भावित सिप तथा पेसाहरुको सूची सहितको चार्ट देखाई छलफल गराउने<br>■ बालबालिकाहरुलाई | ■ सकारात्मक सोच र सकारात्मक व्यवहार सम्बन्धी विविध प्रश्नहरु गरी उत्तर भन्न लगाउने<br>■ सफलताका सूत्रहरु भन्न र लेख्न लगाउने<br>■ आलुचप, बारा/फुरौला पकाउन लगाउने तथा दुना-टपरी गाँस्न र कुचो बनाउन लगाउने | १८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | बानीको विकास गर्ने, अभिभावक तथा शिक्षकले भनेको मार्गमा हिड्ने<br>▪ स्थानीय सिप र जीवन निर्वाह (समुदायमा हाल अवलम्बन भइरहेका र सम्भावित सिप तथा पेसाहरु)<br>▪ सिपको व्यावहारिक प्रयोग<br>▪ आलुचप बनाउने तरिका र अभ्यास<br>▪ बारा/फुरौला बनाउने तरिका र अभ्यास<br>▪ दुना-टपरी गाँस्ने तरिका र अभ्यास<br>▪ कुचो बनाउने सिप र अभ्यास | आलुचप, बारा/फुरौला पकाउने तथा दुना-टपरी गाँस्ने र कुचो बनाउने सिप सिकाउने | | |
| ८. योग, आयुर्वेद र खेलकुद | ▪ दिनचर्या र रात्रिचर्या<br>▪ वक्रासन<br>▪ उष्ट्रासन<br>▪ नौकासन<br>▪ मर्कटासन<br>▪ स्थानीय जडीबुटी<br>▪ बाबरी | ▪ दिनचर्या र रात्रिचर्याको परिचय दिन<br>▪ दिनचर्याका क्रियाकलाप बताउन<br>▪ रात्रिचर्याका क्रियाकलाप बताउन | ▪ दिनचर्या र रात्रिचर्याको परिचय र क्रियाकलाप<br>▪ वक्रासन, उष्ट्रासन, नौकासन र मर्कटासनको परिचय, अभ्यास र फाइदाहरु<br>▪ स्थानीय जडीबुटीको | ▪ दिनचर्या र रात्रिचर्याको परिचय दिई यस सम्बन्धी उदाहरणहरु बताउने<br>▪ वक्रासन, उष्ट्रासन, नौकासन र मर्कटासनको फाइदाहरु लेखिएको चार्ट | ▪ दिनचर्या, रात्रिचर्या, वक्रासन, उष्ट्रासन, नौकासन र मर्कटासन सम्बन्धी विभिन्न प्रश्नहरु सोधी उत्तर भन्न लगाउने | १८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ▪ बेल<br>▪ तेजपत्ता<br>▪ रुदिलो<br>▪ स्थानीय खेल<br>▪ पानी भर्ने दौड<br>▪ कवड्डी<br>▪ पञ्जा लडाई | ▪ वक्रासन, उष्ट्रासन, नौकासन र मर्कटासनको परिचय दिइ यसका फाइदाहरु बताउन<br>▪ स्थानीय जडीबुटीहरुको परिचय दिई महत्त्व बताउन<br>▪ पानी भर्ने दौड, कवड्डी, पञ्जा लडाई जस्ता स्थानीय खेलहरुको परिचय सहित नियम बताउन | परिचय र महत्व (बाबरी, बेल, तेजपत्ता, रुदिलो) परिचय र उपयोग<br>▪ स्थानीय खेल (पानी भर्ने दौड, कवड्डी, पञ्जा लडाई लगायतका स्थानीय खेलहरु) को परिचय, नियम र अभ्यास | टाँस गरी छलफल गराउने<br>▪ वक्रासन, उष्ट्रासन, नौकासन र मर्कटासनको अभ्यास गराउने<br>▪ स्थानीय क्षेत्रहरुमा पाइने जडीबुटीहरुको नाम र यसको फाइदाहरु लेखिएको चार्ट देखाई छलफल गराउने<br>▪ विद्यालय वरपर र समुदायमा पाइने जडीबुटीहरु सङ्कलन गर्न लगाउने<br>▪ स्थानीय खेलहरु पानी भर्ने दौड, कवड्डी, पञ्जा लडाई लगायतको परिचय दिई ती खेलका नियमहरु बताइदिने र खेलहरु खेलाउने | ▪ योगका विभिन्न अभ्यासहरु गर्न लगाउने<br>▪ स्थानीय जडीबुटीहरु सङ्कलन गर्न लगाउने<br>▪ पानी भर्ने दौड, कवड्डी, पञ्जा लडाई जस्ता स्थानीय खेलहरुको परिचय दिई नियम बताउन लागउने र खेलहरु खेलाउने | |

**कक्षा : ८**

| क्षेत्र / एकाइ | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १. हाम्रो | ▪ जनसाङ्ख्यिक विशेषता | ▪ गाउँपालिकाको | ▪ गाउँपालिकाको | ▪ चार्टको प्रयोग | ▪ गाउँपालिकाको | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| गाउँपालिका | ▪ नक्साङ्कन सहित मुख्य चिनारी स्थल र वस्तु<br>▪ स्थानीय परम्परागत प्रविधिहरुको परिचय<br>▪ सामाजिक संघ संस्थाहरु<br>▪ वित्तीय संस्थाहरु<br>▪ प्रेरक व्यक्तित्वहरु (प्रशासनिक, साहित्यिक) | जनसाङ्ख्यिक विशेषताहरु बताउन<br>▪ गाउँपालिकाको नक्सा बनाई मुख्य चिनारी स्थल र बस्तु देखाउन<br>▪ स्थानीय परम्परागत प्रविधिहरुको परिचय दिन<br>▪ गाउँपालिका भित्र रहेका सामाजिक एवं वित्तीय संस्थाहरुको नाम भन्न र परिचय बताउन<br>▪ गाउँपालिका भित्र रहेका मुख्य साहित्यिक तथा प्रशासनिक व्यक्तित्वहरुको सङ्क्षिप्त जानकारी लिन | जनसाङ्ख्यिक विशेषताहरु (जनजाति, दलित, अपाङ्गता, शैक्षिक, उमेरगत)<br>▪ नक्साङ्कन सहित गाउँपालिकाको मुख्य-मुख्य चिनारी स्थल र बस्तु (काँडे भ्याकुर, थोपलखोला, त्रिशुली नदी, बुढीगण्डकी नदी, थोपलखोला हाइड्रोपावर, मृकुतीपँधेरा, बलदेवी माई मन्दिर, सिद्धबाबा, ढेवाडाँडा, कफीडाँडा, आप्री दरबार, नेचर क्याम्प, सलाङकोट, बेनीदोभान, अकलादेवी मन्दिर, भुमेस्थान-कमलाबारी, कालीदेवी मन्दिर, वाग्वच्छला, चारधाम, मुक्तिनाथ मन्दिर, परेवाटार, कुम्पुर भञ्ज्याङ, साततले गुफा, भाल्डाँडा, | गरी विद्यार्थीहरुसँग प्रश्नोत्तर तथा छलफलका माध्यमबाट गाउँपालिकाको जनसाङ्ख्यिक विशेषताहरु प्रष्ट पारिदिने<br>▪ गाउँपालिकाको नक्सा बनाई तोकिएका चिनारी स्थल र बस्तुहरु देखाउने र विद्यार्थीलाई प्रयोगात्मक अभ्यास गराउने<br>▪ प्रश्नोत्तर र छलफलका माध्यमले स्थानीय परम्परागत प्रविधिहरु बारे प्रष्ट पारिदिने<br>▪ प्रश्नोत्तर र छलफलका माध्यमले गाउँपालिका भित्र | जनसाङ्ख्यिक विशेषताहरु भन्न लगाउने<br>▪ गाउँपालिकाको नक्सा बनाई मुख्य चिनारी स्थल र बस्तु देखाउन लगाउने<br>▪ स्थानीय परम्परागत प्रविधिहरुको परिचय दिन लगाउने<br>▪ गाउँपालिका भित्र रहेका सामाजिक एवं वित्तीय संस्थाहरुको नाम भन्न र परिचय बताउन लगाउने<br>▪ गाउँपालिका भित्र रहेका मुख्य साहित्यिक तथा प्रशासनिक व्यक्तित्वहरुको सङ्क्षिप्त जीवनी प्रस्तुत गर्न लगाउने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | लामकानेमाईको मन्दिर, पिपलटार, सत्यवती, जाल्पादेवी आदि)<br>▪ स्थानीय परम्परागत प्रविधिहरुको परिचय (सारङ्गी, ढिकी, जाँतो, कोल, आरन, मौरीको काठको मुढे घार, ठेकी, मदानी, खुर्पेटो, ढाका बुनाई, जाल, ढोक्सा आदि)<br>▪ सामाजिक संघसंस्थाहरु (गैरसरकारी संस्थाहरु, क्लब, समूह, उपभोक्ता समूह, सामुदायिक अध्ययन केन्द्र, रेडक्रस, पर्यटनसँग सम्बन्धित)<br>▪ वित्तीय संस्थाहरु (पारिवारिक बजेट निर्माण, बचत समूह, लघुवित्त बैंक, सहकारी, बैंक)<br>▪ गाउँपालिका भित्रका प्रेरक व्यक्तित्वहरु | रहेका सामाजिक एवं वित्तीय संस्थाहरुको नाम भन्ने, परिचय बताइदिने र आवश्यकता अनुसार चार्टको प्रयोग गर्ने<br>▪ गाउँपालिका भित्र रहेका मुख्य साहित्यिक तथा प्रशासनिक व्यक्तित्वहरुको सङ्क्षिप्त जीवनी प्रस्तुत गर्ने, सम्भव भएसम्म प्रत्यक्ष भेटघाट गरी अनुभव सम्बन्धी जानकारी गराउने | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ▪ साहित्यिक (डिल्लीरमण शर्मा अर्याल, तोयानाथ अर्याल, दामोदर नलाङी)<br>▪ प्रशासनिक (नेपाल सरकारका सहसचिव नारायण प्रसाद भट्ट)<br>▪ अन्य कोही भएमा .................... | | | |
| २. स्थानीय तह र सुशासन | ▪ नागरिक बडापत्र<br>▪ गाउँपालिकाबाट उपलब्ध हुने सेवाहरु<br>▪ गाउँपालिकाबाट उपलब्ध सेवा दिने शाखाहरु<br>▪ गाउँपालिकाको नमुना निर्वाचन<br>▪ सार्वजनिक प्रशासनको परिचय र महत्त्व<br>▪ सुशासन कायम राख्न स्थानीय सरकार, सार्वजनिक प्रशासन र स्थानीय समुदायको भूमिका | ▪ नागरिक बडापत्रको परिचय, महत्त्व र आवश्यकता बताउन<br>▪ प्रमुख प्रशासकीय अधिकृतका कार्यहरु बताउन<br>▪ गाउँपालिकाबाट उपलब्ध सेवा दिने शाखाहरु र मुख्य काम भन्न<br>▪ सार्वजनिक प्रशासनको परिचय दिई महत्त्व बताउन<br>▪ सुशासनमा स्थानीय सरकार, सार्वजनिक प्रशासन र स्थानीय | ▪ नागरिक बडापत्रको परिचय, महत्त्व र आवश्यकता (सेवा प्रदायक सार्वजनिक निकायहरुले आफूले प्रवाह गर्ने सेवा र सेवा प्राप्ति प्रक्रियाको सम्बन्धमा नागरिकप्रति गरेको लिखित प्रतिबद्धता)<br>▪ गाउँपालिकाको नागरिक बडापत्रको नमुना<br>▪ गाउँपालिकाबाट उपलब्ध सेवाहरु<br>▪ प्रमुख प्रशासकीय | ▪ गाउँपालिकाको नागरिक बडापत्रको नमुना देखाई छलफल तथा प्रश्नोत्तर विधिको प्रयोगबाट नागरिक बडापत्रको परिचय, महत्त्व र आवश्यकता बताउने<br>▪ चार्टको प्रयोग गरी प्रमुख प्रशासकीय अधिकृतका कार्यहरु बताउने<br>▪ चार्टको प्रयोग गरी | ▪ नागरिक बडापत्रको परिचय, महत्त्व र आवश्यकता भन्न र लेख्न लगाउने<br>▪ प्रमुख प्रशासकीय अधिकृतका कार्यहरु भन्न लगाउने<br>▪ गाउँपालिकाबाट उपलब्ध सेवा दिने शाखाहरु र मुख्य काम भन्न र लेख्न लगाउने<br>▪ सार्वजानिक प्रशासनको परिचय दिई महत्त्व बताउन लगाउने | १६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | समुदायको भूमिका बताउन | अधिकृतका कार्यहरु (स्वीकृत कानुन, नीति, बजेट तथा कार्यक्रमहरु कार्यान्वयनको लागि मुख्य प्रशासक भई कामकाज गर्ने)<br>▪ गाउँपालिकाबाट उपलब्ध सेवा दिने शाखाहरु<br>▪ प्रशासन शाखा (सार्वजनिक प्रशासन सम्बन्धी सेवाहरु)<br>▪ योजना शाखा (गाउँसभाबाट स्वीकृत योजनाहरु कार्यान्वयन )<br>▪ आर्थिक प्रशासन शाखा (लेखा सम्बन्धी सेवाहरु)<br>▪ पूर्वाधार विकास शाखा (भौतिक निर्माण सम्बन्धी सेवाहरु) | गाउँपालिकाबाट उपलब्ध सेवा दिने शाखाहरुको मुख्य काम भन्ने<br>▪ सार्वजानिक प्रशासन के हो भन्ने बारेमा परिचय दिई यसको महत्त्व समेत बताउने<br>▪ सुशासनमा स्थानीय सरकार, सार्वजनिक प्रशासन र स्थानीय समुदायको भूमिका बताउने | ▪ सुशासनमा स्थानीय सरकार, सार्वजनिक प्रशासन र स्थानीय समुदायको भूमिका भन्न र लेख्न लगाउने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ▪ शिक्षा, युवा तथा खेलकुद शाखा (शिक्षा, युवा र खेलकुद सम्बन्धी सेवाहरु)<br>▪ स्वास्थ्य शाखा (स्वास्थ्य सम्बन्धी सेवाहरु)<br>▪ सूचना तथा सञ्चार प्रविधि शाखा ( सूचना र प्रविधि सम्बन्धी सेवाहरु )<br>▪ कृषि विकास शाखा (कृषि सम्बन्धी सेवाहरु )<br>▪ पशु सेवा शाखा (पशु स्वास्थ्य सम्बन्धी सेवाहरु)<br>▪ सामाजिक विकास शाखा ( संस्था दर्ता सम्बन्धी सेवाहरु, सामाजिक सेवाहरु, महिला बालबालिका तथा जेष्ठ नागरिक, अपाङ्गता भएका नागरिक सम्बन्धी | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सेवाहरु)<br>▪ नापी शाखा (भूमी सम्बन्धी), रोजगार सेवा केन्द्र, उद्यम विकास, पञ्जीकरण शाखा लगायत अन्य शाखाहरु<br>▪ गाउँ कार्यपालिकाको नमुना निर्वाचन<br>▪ सार्वजनिक प्रशासन (सरकारद्वारा गरिने सम्पूर्ण क्रियाकलापहरुको समष्टिगत रुप)<br>▪ सार्वजनिक प्रशासनको महत्त्व (सार्वजनिक प्रशासन चुस्त, दुरुस्त, सुशासन युक्त बनाउदै जनतालाई पुऱ्याउनु पर्ने सेवा सुविधा समयमै पुऱ्याई जनसन्तुष्टि हासिल गर्नुपर्ने भएकोले )<br>▪ सुशासनमा स्थानीय सरकार, सार्वजनिक प्रशासन र स्थानीय समुदायको भूमिका | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ▪ स्थानीय सरकार - नीति निर्माण<br>▪ सार्वजनिक प्रशासन - नीति कार्यान्वयन<br>▪ स्थानीय समुदाय र नागरिक समाज - खबरदारी | | | | |
| ३. हाम्रो पेसा, व्यवसाय र आर्थिक क्रियाकलाप | | ▪ व्यावसायिक फर्महरुको दर्ता प्रक्रिया र वर्तमान अवस्था<br>▪ व्यवसायमा अनुदान र बीमा सम्बन्धी व्यवस्था<br>▪ व्यवसाय सञ्चालनका लागि विभिन्न संघ संस्थाको सहयोगी भूमिका<br>▪ होटल व्यवसायको परिचय, वर्तमान अवस्था र सम्भावनाहरु | ▪ व्यावसायिक फर्म दर्ताको प्रक्रिया बताउन<br>▪ गाउँपालिकाभित्र दर्ता भएका व्यावसायिक फर्महरुको नाम बताउन<br>▪ व्यवसायमा अनुदान र बीमा सम्बन्धी तीनै तहका सरकारको नीति बताउन<br>▪ व्यवसाय सञ्चालनका लागि विभिन्न संघ संस्थाहरुको भूमिका बताउन<br>▪ होटल व्यवसायको परिचय दिई वर्तमान अवस्था र | ▪ व्यावसायिक फर्म दर्ता प्रक्रिया (सिद्धलेक गाउँपालिकाको व्यवसाय दर्ता तथा नवीकरण कार्यविधि २०७५ मा व्यवस्था भए बमोजिम )<br>▪ व्यावसायिक फर्म दर्ताको वर्तमान अवस्था (गाउँपालिकामा हरेक बर्ष दर्ता भएका फर्महरुको तथ्याङ्कका आधारमा)<br>▪ व्यवसायमा अनुदान र बीमा सम्बन्धी व्यवस्था (संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको | ▪ व्यावसायिक फर्म भनेको थाहा छ भन्ने प्रश्न गरी सिद्धलेक गाउँपालिकाको व्यवसाय दर्ता तथा नवीकरण कार्यविधि २०७५ मा व्यवस्था भए बमोजिम यसको दर्ताको प्रक्रिया बताउने<br>▪ शिक्षकले गाउँपालिकामा हरेक वर्ष दर्ता भएका फर्महरुको बारेमा जानकारी दिने<br>▪ व्यवसाय दर्ता गर्दा विद्यार्थीहरुलाई | ▪ व्यावसायिक फर्म दर्ताको प्रक्रिया भन्न र लेख्न लगाउने<br>▪ गाउँपालिकाभित्र दर्ता भएका व्यावसायिक फर्महरुको नाम भन्न लगाउने<br>▪ व्यवसायमा अनुदान र बीमा सम्बन्धी तीनै तहका सरकारको नीति बताउन लगाउने<br>▪ व्यवसाय सञ्चालनका लागि विभिन्न संघ संस्थाहरुको भूमिका बताउन लगाउने<br>▪ होटल व्यवसायको परिचय दिई वर्तमान अवस्था र | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सम्भावनाहरु बताउन | नीति अनुसार)<br>▪ व्यवसाय सञ्चालनका लागि विभिन्न संघ संस्थाहरुको सहयोगी भूमिका (बैंक तथा वित्तीय संस्थाहरु, सहकारी, गैर सरकारी संस्थाहरु लगायत अन्य)<br>▪ होटल व्यवसायको परिचय, वर्तमान अवस्था र सम्भावनाहरु<br>▪ पर्यटकीय सुबिधा सहितका होटलहरु - नेचर क्याम्प, कफी डाँडा, त्रिशुली रिभर पार्क बीच रिसोर्ट आदि<br>▪ गाउँपालिकाको मुख्य सडक तथा बजारमा रहेका स्थानीय होटलहरु | तीनै तहका सरकारबाट भएका र हुने गरेका अनुदान र बीमा सम्बन्धी जानकारी दिने<br>▪ व्यवसाय सञ्चालनका लागि विभिन्न संघ संस्थाहरुको भूमिका बताउने<br>▪ होटल व्यवसायको परिचय दिने<br>▪ गाउँपालिकाभित्र सञ्चालनमा रहेका मुख्य होटलहरुको सूची बनाई वर्तमान अवस्था र सम्भावनाहरु बताउने<br>▪ विद्यार्थीहरुलाई होटल व्यवसाय भनेको पर्यटकलाई आकर्षण गर्ने मुख्य गन्तव्य हो | सम्भावनाहरु भन्न र लेख्न लगाउने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | भन्ने जानकारी दिई गाउँपालिका भित्र रहेका सुविधा सम्पन्न होटलहरु जस्तै : नेचर क्याम्प, कफी डाँडा, त्रिशुली रिभर पार्क बीच रिसोर्ट आदि उदाहरणको रुपमा दिई अवलोकन भ्रमण गराउने | | |
| ४. हाम्रा विकासका पूर्वाधारहरु | ▪ हाम्रो पर्यटन<br>▪ हाम्रो उर्जा<br>▪ सूचना तथा सञ्चार प्रविधि<br>▪ इमेल, इन्टरनेट र सामाजिक सञ्जालको फाइदा र बेफाइदाहरु<br>▪ शिक्षा र शिक्षणसँग सम्बन्धित वेबसाइटहरु | ▪ पर्यटनका क्षेत्रहरु बताउन<br>▪ धार्मिक,ऐतिहासिक, सांस्कृतिक र जल पर्यटनका मुख्य क्षेत्रहरु बताउन<br>▪ उर्जाका स्रोतको वर्गीकरण गरी यसका मुख्य-मुख्य उदाहरण दिन<br>▪ सूचना तथा सञ्चारका साधनहरुको उपयोगिता बताउन<br>▪ सामाजिक सञ्जाल र | ▪ हाम्रो पर्यटन<br>▪ पर्यटनका क्षेत्रहरु<br>▪ धार्मिक पर्यटन (मुख्य मन्दिरहरु सबै)<br>▪ ऐतिहासिक पर्यटन (सिद्धलेक, ढेवालेक, साततले गुफा)<br>▪ कृषि पर्यटन {कफी खेती, मौरी पालन, फलफूल (लोकट/लौकाट, ड्रागन फ्रुट), सत्यवती मा. वि. को कृषिफर्म}<br>▪ सांस्कृतिक पर्यटन (पञ्चैबाजा, | ▪ गाउँपालिकाभित्र रहेका मुख्य-मुख्य पर्यटकीय क्षेत्रको बारेमा विद्यार्थीहरुलाई सोध्ने<br>▪ विद्यार्थीबाट प्राप्त क्षेत्रको आधारमा धार्मिक,ऐतिहासिक, सांस्कृतिक र जल पर्यटनका मुख्य क्षेत्रहरुमा विभाजन गर्ने र विद्यार्थीले छुटाएका | ▪ पर्यटनका क्षेत्रहरु भन्न लगाउने<br>▪ धार्मिक,ऐतिहासिक, सांस्कृतिक र जल पर्यटनका मुख्य क्षेत्रहरुको सूची बनाउन लगाउने<br>▪ उर्जाका स्रोतको वर्गीकरण गरी यसका मुख्य-मुख्य उदाहरण भन्न लगाउने<br>▪ सूचना तथा सञ्चारका साधनहरुको उपयोगिता बताउन | १८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | मोवाइल एप्सहरुको परिचय दिई फाइदा तथा बेफाइदाहरु भन्न<br>■ शिक्षा र शिक्षणसँग सम्बन्धित विभिन्न वेबसाइटहरुको नाम बताउन | कौरानाच, घाटुनाच, लाखेनाच, टाकटुके आदि)<br>■ जल पर्यटन(र्‍याफ्टिङ, बोटिङ लगायत)<br>■ हाम्रो उर्जा<br>■ हाम्रो उर्जाका स्रोतहरु<br>■ परम्परागत स्रोत {दाउरा, कोइला, मट्टीतेल (टुकीबत्ती, लालटिन, मइन्टोल, पेट्रोम्याक्स )}<br>■ आधुनिक स्रोत (गोबरग्याँस, सुधारिएको चूलो, ब्रिकेट, सौर्यउर्जा, जलविद्युत, टुकीमारा बत्ती, इन्डक्सन चूलो लगायत)<br>■ सूचना र सञ्चार<br>■ इमेल, इन्टरनेट, टेलिफोन आदिको उपयोग<br>■ सामाजिक सञ्जाल र मोबाइल | पर्यटकीय क्षेत्रको बारेमा थप जानकारी दिँदै प्रष्ट पार्ने<br>■ विद्यार्थीलाई घरमा प्रयोग गरिने उर्जाका स्रोतहरु भन्न लगाउने<br>■ विद्यार्थीले भनेका उर्जाका स्रोतहरु शिक्षकले वोर्डमा टिप्दै जाने<br>■ उक्त उर्जाका स्रोतहरुको सूचीका आधारमा ती उर्जाहरु परम्परागत वा आधुनिक कुन उर्जाका स्रोत हुन् प्रष्ट पार्ने र विद्यार्थीले छुटाएका स्रोतहरुको जानकारी दिने<br>■ सूचना तथा सञ्चारलाई कसरी शैक्षणिक | लगाउने<br>■ सामाजिक सञ्जाल र मोवाइल एप्सहरुको परिचय दिई फाइदा तथा बेफाइदाहरुको सूची तयार गर्न लगाउने<br>■ शिक्षा र शिक्षणसँग सम्बन्धित विभिन्न वेबसाइटहरुको नाम भन्न र लेख्न लगाउने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | एप्सहरुको परिचय, फाइदा तथा बेफाइदाहरु (फेसबुक, ट्वीटर, मेसेन्जर, भाइवर, ह्वाट्स एप, जुम, गुगल मिट, टिकटक, अनलाइन खेलहरु आदि)<br>▪ विभिन्न वेबसाइटहरुको जानकारी (सिद्धलेक गाउँपालिका, गाउँपालिका भित्रका विभिन्न विद्यालयहरु, शिक्षा विकास तथा समन्वय इकाइ, शिक्षा विकास निर्देशनालय, बागमती प्रदेश, हेटौंडा, शिक्षा तथा मानवस्रोत विकास केन्द्र, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय लगायत अन्य विभिन्न सरकारी निकायहरु तथा सिकाइका अनलाइन पोर्टलहरु ) | क्रियाकलापमा जोड्न सकिन्छ भनी विद्यार्थीलाई प्रश्न सोध्ने<br>▪ विद्यार्थीलाई तिमीहरुले कुन-कुन सामाजिक सञ्जाल तथा मोवाइल एप्लिकेसनहरु प्रयोग गर्दछौ भनी प्रश्न गर्ने<br>▪ कुन प्रयोजनको लागि यसको प्रयोग गर्दछौ भनी सोध्ने<br>▪ त्यसपछि हाल प्रचलनमा रहेका मुख्य-मुख्य मोवाइल एप्लिकेसनको बारेमा जानकारी गराउने<br>▪ सामाजिक सञ्जाल र मोवाइल एप्सहरुको फाइदा, | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | बेफाइदाहरु टिपोट गरी निष्कर्ष दिने<br>▪ शिक्षा र शिक्षणसँग सम्बन्धित विभिन्न वेबसाइटहरुको नाम पनि बताउने | | |
| ५. हाम्रो वातावरण र हरित विद्यालय | ▪ वनस्पति तथा वन्यजन्तु संरक्षण र अपराध नियन्त्रण<br>▪ हरित विद्यालयको लागि इको क्लब<br>▪ वातावरण प्रदूषण<br>▪ औधोगिक प्रदूषण<br>▪ रासायनिक प्रदूषण<br>▪ दिगो विकास र प्राकृतिक स्रोतहरुको दिगो व्यवस्थापन<br>▪ दिगो विकासका लागि स्थानीय सरकारले चाल्नुपर्ने कदमहरु | ▪ वनस्पति तथा वन्यजन्तु संरक्षण र अपराध नियन्त्रणमा विद्यार्थी, विद्यालय, स्थानीय समुदाय र स्थानीय सरकारको भूमिका बताउन<br>▪ हरित विद्यालयका लागि इको क्लबको भूमिका र आवश्यकता बताउन<br>▪ औधोगिक प्रदूषणका असरहरु र न्यूनीकरणका उपायहरु बताउन<br>▪ रासायनिक प्रदूषणका असरहरु र न्यूनीकरणका उपायहरु बताउन | ▪ वनस्पति तथा वन्यजन्तु संरक्षण र अपराध नियन्त्रणमा विद्यार्थी, विद्यालय, स्थानीय समुदाय र स्थानीय सरकारको भूमिका<br>▪ हरित विद्यालयका लागि इको क्लब गठन, इको क्लबको भूमिका र आवश्यकता<br>▪ वातावरण प्रदूषण<br>▪ औधोगिक प्रदूषण ( किन ? कहाँ? कसरी ? असर र न्यूनीकरणका उपायहरु )<br>▪ रासायनिक प्रदूषण ( किन ? कहाँ? कसरी ? | ▪ वनस्पति तथा वन्यजन्तु संरक्षण र अपराध नियन्त्रणमा विद्यार्थीको के-के भूमिका हुन सक्छ भनी सोध्ने र प्राप्त उत्तरहरु वोर्डमा टिपोट गर्ने<br>▪ वनस्पति तथा वन्यजन्तु संरक्षण र अपराध नियन्त्रणमा विद्यालयको के-के भूमिका हुन सक्छ भनी सोध्ने र प्राप्त उत्तरहरु वोर्डमा टिपोट गर्ने<br>▪ वनस्पति तथा | ▪ वनस्पति तथा वन्यजन्तु संरक्षण र अपराध नियन्त्रणमा विद्यार्थी, विद्यालय, स्थानीय समुदाय र स्थानीय सरकारको भूमिका बताउन लगाउने<br>▪ हरित विद्यालयका लागि इको क्लबको भूमिका र आवश्यकता बताउन लगाउने<br>▪ औधोगिक प्रदूषणका असरहरु र न्यूनीकरणका उपायहरु भन्न र लेख्न लगाउने<br>▪ रासायनिक | १६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ▪ पानी, माटो र वनसम्पदाको दिगो व्यवस्थापन सम्बन्धी तरिका बताउन<br>▪ दिगो विकासका लागि स्थानीय सरकारले चाल्नु पर्ने कदमहरु बताउन | असर र न्यूनीकरणका उपायहरु )<br>▪ गाउँपालिका भित्रको दिगो विकास र प्राकृतिक स्रोतहरुको दिगो व्यवस्थापन<br>▪ पानीको दिगो व्यवस्थापन<br>▪ माटोको दिगो व्यवस्थापन<br>▪ वनसम्पदाको दिगो व्यवस्थापन<br>▪ दिगो विकासका लागि स्थानीय सरकारले चाल्नु पर्ने कदमहरु (नीतिगत व्यवस्था, संरचनागत व्यवस्था, योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिबिम्बन) | वन्यजन्तु संरक्षण र अपराध नियन्त्रणमा स्थानीय समुदायको के-के भूमिका हुन सक्छ भनी सोध्ने र प्राप्त उत्तरहरु वोर्डमा टिपोट गर्ने<br>▪ वनस्पति तथा वन्यजन्तु संरक्षण र अपराध नियन्त्रणमा स्थानीय सरकारको के-के भूमिका हुन सक्छ भनी सोध्ने र प्राप्त उत्तरहरु वोर्डमा टिपोट गरी छलफलको माध्यमबाट निष्कर्ष दिने<br>▪ हरित विद्यालय निर्माणमा विद्यार्थीले कसरी सहयोग गर्न सक्छन् भनेर सोध्ने | प्रदूषणका असरहरु र न्यूनीकरणका उपायहरु भन्न र लेख्न लगाउने<br>▪ पानी, माटो र वनसम्पदाको दिगो व्यवस्थापन सम्बन्धी तरिका भन्न लगाउने<br>▪ दिगो विकासका लागि स्थानीय सरकारले चाल्नु पर्ने कदमहरु भन्न र लेख्न लगाउने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | र विद्यार्थीले व्यक्तिगत रुपमा गर्न सक्ने सहयोगहरु र शिक्षकले अपेक्षा गरेका सहयोगहरु टिपोट गरी शिक्षकले समूहमा हरित विद्यालय निर्माणको लागि काम गर्न सकिन्छ भनी इको क्लब गठन गर्ने र यस क्लबले गर्ने काम तथा भूमिका प्रष्ट पार्ने<br>▪ औद्योगिक प्रदूषण भनेको के हो भनी विद्यार्थीलाई प्रश्न सोध्ने<br>▪ गाउँपालिकाभित्र कहाँ-कहाँ औद्योगिक प्रदूषण भएको छ सोध्ने<br>▪ कसरी औद्योगिक प्रदुषण भएको छ भनी सोध्ने र प्राप्त | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | जवाफ टिपोट गर्दै जाने<br>▪ नजिकै भए क्षेत्र भ्रमण पनि लैजाने<br>▪ औद्योगिक प्रदूषणले के-के असर पुऱ्याइरहेका छन र त्यसका न्यूनीकरणका उपायहरु के-के हुन सक्छन भनी टिपोट गर्दै जाने र विद्यार्थीलाई थप प्रष्ट पार्ने<br>▪ रासायनिक प्रदूषण भनेको के हो भनी विद्यार्थीलाई प्रश्न सोध्ने<br>▪ गाउँपालिकाभित्र कहाँ-कहाँ रासायनिक प्रदूषण भएको छ सोध्ने<br>▪ कसरी रासायनिक प्रदूषण भएको छ भनी सोध्ने र प्राप्त जवाफ टिपोट गर्दै जाने | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ▪ नजिकै भए क्षेत्र भ्रमण पनि लैजाने<br>▪ रासायनिक प्रदूषणले के-के असर पुऱ्याइरहेका छन र त्यसका न्यूनीकरणका उपायहरु के-के हुन सक्छन भनी टिपोट गर्दै जाने र विद्यार्थीलाई थप प्रष्ट पार्ने<br>▪ पानी, माटो र वनसम्पदाको दिगो व्यवस्थापन सम्बन्धी तरिका बताउने<br>▪ दिगो विकासका लागि स्थानीय सरकारले चाल्नु पर्ने कदमहरु बताउने | | |
| ६. दुर्घटना तथा विपद् व्यवस्थापन | ▪ विपद् व्यवस्थापनमा स्थानीय सरकारको भूमिका<br>▪ विपद्को सामूहिक प्रतिकार्यका उपायहरु | ▪ विपद् व्यवस्थापनमा स्थानीय सरकारको भूमिका बताउन<br>▪ विपद्को सामूहिक प्रतिकार्यका उपायहरु | ▪ विपद् व्यवस्थापनमा स्थानीय सरकारको भूमिका (विपद् पूर्व, विपदको समयमा, विपद् पश्चात ) | ▪ विपद् पूर्व, विपद्को समयमा र विपद् पश्चात स्थानीय सरकारको भूमिका | ▪ विपद् व्यवस्थापनमा स्थानीय सरकारको भूमिका के-के हुन सक्छ भन्न लगाउने<br>▪ विपद्को सामूहिक | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ▪ मनोपरामर्श सेवा | बताउन<br>▪ मनोपरामर्शको परिचय दिन र आवश्यकता बताउन | ▪ विपद् पूर्व (विपद् प्रतिकार्य योजना)<br>▪ विपद्को समयमा (उद्धार, सुरक्षित स्थानको पहिचान, स्थानान्तरण लगायतका अन्य सहयोगहरु )<br>▪ विपद् पश्चात (न्यूनतम आधारभूत आवश्यकताहरुको परिपूर्ति, पुनर्स्थापनको लागि आवश्यक पहल)<br>▪ विपद्को सामूहिक प्रतिकार्यका उपायहरु (व्यक्तिगत रुपमा झटपट झोला, सामुदायिक भवनको प्रयोग, सामुदायिक समूहहरुलाई परिचालन, विद्यालयमा गठित क्लब, रेडक्रस आदिको परिचालन)<br>▪ मनोपरामर्श सेवा<br>▪ विद्यार्थीहरुलाई | के हुन सक्छ भनी प्रश्न गरी प्राप्त जवाफ छुट्टा-छुट्टै तालिका बनाई टिपोट गर्दै जाने र छुटेका कुरा शिक्षक आफैँले थपी प्रष्ट पार्दै निष्कर्षमा पुग्ने<br>▪ विपद्को सामूहिक प्रतिकार्यका उपायहरु के-के हुन सक्छन भनी प्रश्न गरी प्राप्त जवाफ टिपोट गर्दै जाने र छुटेका कुरा शिक्षक आफैँले थपी प्रष्ट पार्दै निष्कर्षमा पुग्ने<br>▪ मनोपरामर्शको परिचय दिने र आवश्यकता बताउने<br>▪ विशेष समस्यामा परेका विद्यार्थी, शिक्षक, अभिभावकहरुला | प्रतिकार्यका उपायहरु भन्न लगाउने<br>▪ मनोपरामर्शको परिचय दिन र आवश्यकता बताउन लगाउने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | मनोपरामर्श सेवा (परीक्षा, झगडा, रजस्वला, नियमित विद्यालय नआउने र विद्यालय देखि डराउने, जातिगत, आर्थिक समस्या जस्ता  कारणहरुबाट उत्पन्न तनाव व्यवस्थापनको लागि)<br>▪ शिक्षकहरुलाई मनोपरामर्श सेवा (शिक्षणको क्रममा आउने तनाव व्यवस्थापनको लागि)<br>▪ पारिवारिक मनोपरामर्श सेवा (परिवारका सदस्यहरुको तनाव व्यवस्थापनको लागि)<br>▪ विशेष परिस्थितिमा मनोपरामर्श सेवा (रोग तथा  महामारी, प्राकृतिक तथा | ई मनोपरामर्श सेवा लिनु आवश्यक छ भन्ने कुरा विद्यार्थीलाई जानकारी दिने र यस्ता मनोपरामर्श सेवाहरु विशेष परिस्थिति (कोभिड, भुईचालो लगायत अन्य महामारी) को समयमा अत्यावश्यक रहेको कुरा जानकारी गराई मनोपरामर्श सेवा सम्बन्धी नमुना अभ्यास गराउने | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | मानव सिर्जित दुर्घटनाहरुबाट उत्पन्न तनाव व्यवस्थापनको लागि)<br>▪ मनोपरामर्श सम्बन्धी नमुना अभ्यास | | | |
| ७. नैतिक व्यवहार र जीवन उपयोगी सिपहरु | ▪ हाम्रो समुदाय र धार्मिक सहिष्णुता<br>▪ बाल अधिकार र नागरिक कर्तव्य<br>▪ स्थानीय सिपको संरक्षण र प्रवर्द्धनमा स्थानीय सरकारको भूमिका<br>▪ सिपको व्यावहारिक प्रयोग<br>  ▪ निवेदन लेख्ने, बैठक माइन्युट लेख्ने र आवेदन फारमहरु भर्ने<br>  ▪ बैंक भौचर भर्ने<br>  ▪ बैंक चेक भर्ने<br>  ▪ सेलरोटी बनाउने<br>  ▪ मालपुवा बनाउने<br>  ▪ पुरी बनाउने | ▪ धार्मिक सहिष्णुताको परिचय र उदाहरण दिन<br>▪ बाल अधिकार र नागरिक कर्तव्य बताउन<br>▪ स्थानीय सिपको संरक्षण र प्रवर्द्धनमा स्थानीय सरकारको भूमिका बताउन<br>▪ सिपको व्यावहारिक प्रयोग गर्न | ▪ हाम्रो समुदाय र धार्मिक सहिष्णुता (समुदायको जातीय अवस्था, धार्मिक अवस्था, भाषा-संस्कृति, रहनसहन, भेषभुषा र अनेकतामा एकता)<br>▪ बाल अधिकार र नागरिक कर्तव्य (संवैधानिक व्यवस्था अनुसार)<br>▪ स्थानीय सिप (सारङ्गी निर्माण, ढाका बुनाई, दुना-टपरी गाँस्ने, डोको-नाम्लो बुन्ने, आरनसँग सम्बन्धित फलामका सामाग्रीहरु बनाउने, काठका सामाग्रीहरु | ▪ हाम्रो समाजभित्र भएका विविधता र मेलमिलापलाई छलफल विधिका माध्यमबाट प्रष्ट पारी धार्मिक सहिष्णुताको परिचय र उदाहरण दिने<br>▪ नेपालको पहिचान अनेकतामा एकता भन्ने कुरा हाम्रो समुदायमा पनि लागु हुन्छ भनी प्रष्ट पार्ने<br>▪ नेपालको वर्तमान संविधान देखाई उक्त संविधानमा उल्लेख भए बमोजिमको बाल | ▪ धार्मिक सहिष्णुताको परिचय सहित उदाहरणहरु भन्न र लेख्न लगाउने<br>▪ बाल अधिकार र नागरिक कर्तव्य बारे प्रश्न सोधी उत्तर भन्न लगाउने<br>▪ स्थानीय सिपको संरक्षण र प्रवर्द्धनमा स्थानीय सरकारको भूमिका बताउन लगाउने<br>▪ निवेदन लेख्ने, बैठक माइन्युट लेख्ने, आवेदन फारमहरु भर्ने, बैंक भौचर भर्ने, बैंक चेक भर्ने, सेलरोटी बनाउने, मालपुवा बनाउने, पुरी | १८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | बनाउने लगायत अन्य) को संरक्षण र प्रवर्द्धनमा प्रोत्साहन, अनुदान जस्ता कार्यक्रम मार्फत स्थानीय सरकारको सहयोगी भूमिका<br>■ सिपको व्यावहारिक प्रयोग<br>■ निवेदन लेख्ने, बैठकको माइन्युट लेख्ने, आवेदन फारामहरु भर्ने, बैंक चेक र भौचर भर्ने अभ्यास<br>■ सेलरोटी, मालपुवा र पुरी बनाउने तरिका र अभ्यास | अधिकार र नागरिक कर्तव्य सम्बन्धी व्यवस्था प्रष्ट पार्ने<br>■ विद्यार्थीलाई उनीहरुको अभिभावकले गर्ने कामहरु सोध्ने<br>■ घरमा डोको, नाम्लो, कुटो, कोदालो आदि छ वा छैन भनी सोध्ने<br>■ डोको-नाम्लो बुन्ने, दुना-टपरी गाँस्ने, ढाका बुनाई, काठका सामाग्री लगायतका सिपहरु स्थानीय सिप हुन् भनी प्रष्ट पार्ने<br>■ यस्ता सिपहरु मानवीय संस्कार, संस्कृति र जीवन पद्धति सँगसँगै विकास भएका हुन् भनी प्रष्ट पार्ने | बनाउने जस्ता सिपको व्यावहारिक अभ्यास गर्न लगाउने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ▪ यस्ता सिपहरुको संरक्षण र प्रवर्द्धन गर्न स्थानीय सरकारले के-के गर्नुपर्दछ भनी विद्यार्थीहरुलाई सोधी प्राप्त जवाफ टिपोट गरी छुटेका कुराहरु थप गर्ने र विद्यार्थीहरुलाई स्थानीय सरकारको भूमिका प्रष्ट पार्ने<br>▪ निवेदन लेख्ने, बैठकको माइन्युट लेख्ने, आवेदन फारामहरु भर्ने, बैंक चेक, भौचर भर्ने तथा सेलरोटी, मालपुवा र पुरी बनाउने तरिका बताउने र अभ्यास गर्न लगाउने | | |
| ८. योग, आयुर्वेद र खेलकुद | ▪ सूर्य नमस्कार<br>▪ शलभासन<br>▪ धनुरासन | ▪ सूर्य नमस्कारको परिचय, चरण र महत्व बताउन तथा | ▪ सूर्य नमस्कारको परिचय, चरण, महत्व र अभ्यास | ▪ सूर्य नमस्कारको परिचय दिने, चरण र महत्व बताउने र | ▪ सूर्य नमस्कारको परिचय दिन लगाई चरण र महत्व बताउन | १८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ▪ स्थानीय जडीबुटी<br>▪ आकासवेली<br>▪ त्रिफला<br>▪ मरौटी/गोरसपान<br>▪ सिस्नु<br>▪ जिम्बु<br>▪ स्थानीय खेल<br>▪ बुद्धिचाल<br>▪ छेलो<br>▪ खोखो<br>▪ तिनखुट्टे दौड | अभ्यास गर्न<br>▪ शलभासन र धनुरासनको परिचय र महत्व बताउन तथा अभ्यास गर्न<br>▪ स्थानीय जडीबुटीको परिचय र उपयोग बताउन<br>▪ स्थानीय खेलको परिचय दिई खेल्ने तरिका बताउन र अभ्यास गर्न | ▪ शलभासन र धनुरासनको परिचय, महत्व र अभ्यास<br>▪ स्थानीय जडीबुटी (आकासवेली, त्रिफला, मरौटी/गोरसपान, सिस्नु, जिम्बु) को परिचय र उपयोग<br>▪ स्थानीय खेल (बुद्धिचाल, छेलो, खोखो, तिनखुट्टे दौड लगायत अन्य) को परिचय, नियम र अभ्यास | अभिनय सहित अभ्यास गराउने<br>▪ शलभासन र धनुरासनको परिचय दिने, महत्व बताउने र अभिनय सहित अभ्यास गराउने<br>▪ स्थानीय जडीबुटीहरु आकासवेली, त्रिफला, मरौटी/गोरसपान, सिस्नु र जिम्बुको परिचय दिने र उपयोगको तरिका बताउने<br>▪ बुद्धिचाल, छेलो, खोखो, तिनखुट्टे दौड लगायतका स्थानीय खेलहरुको परिचय दिई नियम बताउने र अभ्यास गर्ने | लगाउने र अभ्यास पनि गर्न लगाउने<br>▪ शलभासन र धनुरासनको परिचय र महत्व बताउन लगाई अभ्यास गर्न लगाउने<br>▪ स्थानीय जडीबुटीहरु आकासवेली, त्रिफला र मरौटी/गोरसपान, सिस्नु र जिम्बुको परिचय दिन र उपयोग बताउन लगाउने<br>▪ स्थानीय खेलको परिचय दिई खेल्ने तरिका बताउन लगाउने र अभ्यास पनि गर्न लगाउने | |

## ९. सिकाइ सहजीकरण विधि

यस पाठ्यक्रमलाई विद्यालयमा विद्यार्थीहरूबिच प्रभावकारी सहजीकरण गर्न देहायका विधिहरू सान्दर्भिक हुनेछन् :

| क्र.स. | सिकाइ सहजीकरण विधि | प्रयोग गर्न सकिने विषयवस्तुहरू |
|---|---|---|
| १ | प्रयोगात्मक विधि | गरेर सिक्ने क्रियाकलापहरू यस विधि अन्तर्गत पर्दछन् । जस्तै : वृक्षारोपण, पशुपक्षीपालन, तरकारी खेती, हस्तकला, चित्रकला प्रदर्शन आदि । |
| २ | अवलोकन र परियोजना विधि | गरेर सिक्ने, सँगै बसेर सिक्ने, प्राकृतिक वातावरणमा सिक्ने, सिपको विकास हुने गरी एकल वा समूह, कक्षाकोठाभित्र तथा बाहिर यो विधि प्रयोग गर्न सकिन्छ । जस्तै : स्थानीय सेवाहरूको जानकारी, विभिन्न धार्मिक स्थल, जलसम्पदा, वन सम्पदा, नमुना निर्माण, पेसा, व्यवसाय र प्रविधिको अवलोकन गरी प्रतिवेदन तयारी गर्ने तथा एकल र समूहगत तथा कक्षाकोठाभित्र र कक्षाकोठा बाहिर गरेर सिक्ने लगायत पञ्च ज्ञानेन्द्रियहरूको प्रयोगद्वारा सिक्ने क्रियाकलापहरू । |
| ३ | क्षेत्र भ्रमण विधि | कक्षाकोठा बाहिर रहेका वस्तुहरूको प्रत्यक्ष अवलोकन गरी प्राप्त जानकारीको अभिलेख राख्ने (प्रतिवेदन, चित्र, चार्ट, भिडियो लगायत अन्य) । जस्तै : धार्मिक स्थल, वन, आहाल, खेती, पशुपक्षीपालन आदि । |
| ४ | छलफल विधि | कुनै विषयवस्तुको बारेमा समूहगत, कक्षागत रूपमा छलफल गरी निष्कर्ष निकाल्न प्रयोग गरिन्छ । जस्तै : सामुदायिक वनको महत्व, संरक्षण गर्ने उपायहरू, धार्मिक सम्पदाको संरक्षणका उपायहरू, बालबगैँचाको महत्व, हरित विद्यालयको लागि अवलम्बन गर्नुपर्ने पक्षहरू आदि । |
| ५ | समस्या समाधान विधि | कुनै समस्या दिई समाधानको लागि उपायहरू पहिचान गरी समाधान गर्ने कार्य यस विधिमा गरिन्छ । जस्तै : पुष्प खेती, वृक्षारोपण, सरसफाइ आदि । |
| ६ | प्रश्नोत्तर | जुन सुकै विषयवस्तुको उठान गर्दा, परियोजना कार्य वा क्षेत्रभ्रमण वा कक्षा कार्य वा समूह कार्य गराउँदा, विषयवस्तुको प्रस्तुती अघि, प्रस्तुतीकरणको समय र अन्तमा, सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चित गर्न यस विधिको प्रयोग गर्न सकिन्छ । |
| ७ | घटना अध्ययन/ मामला अध्ययन | वरपरको कुनै विशेष घटनाको अध्ययन गरी त्यसको बारेमा प्रतिवेदन तयार गर्न लगाई प्रस्तुतीकरण गर्न यस विधिको प्रयोग गर्न सकिन्छ । बाढी, पहिरो, आगलागी, चट्याङ, तरकारी खेती, पशुपक्षीपालन आदि । |
| ८ | प्रदर्शन विधि | कुनै वस्तु देखाएर सिकाउने विधि प्रदर्शन विधि हो । यसमा श्रव्यदृश्य सामग्रीको प्रदर्शन समेत पर्दछ । |
| ९ | सोधखोज विधि | विद्यार्थीमा नयाँ-नयाँ कुरा खोजी गर्ने, त्यसको व्यक्ति तथा समाजमा परेको वा पार्ने प्रभाव पहिचान गराउने जस्ता सिपको विकास गराउने, समाजमा रहेको धार्मिक, सांस्कृतिक, आर्थिक, ऐतिहासिक, भौगोलिक आदि पक्षको सोधखोज गरी वास्तविकता पत्ता लगाउने कार्यमा यस विधिको प्रयोग गर्न सकिन्छ । |
| १० | कथाकथन विधि | विषयवस्तुलाई रमाइलो, आकर्षक, उत्प्रेरणात्मक तरिकाले प्रस्तुतीकरण गर्न यस विधिको प्रयोग गर्न सकिन्छ । जस्तै : धार्मिक स्थल, पेसा, व्यवसाय, संरक्षण, विकास, प्रवर्द्धन आदिलाई कथात्मक तरिकाले प्रस्तुत गर्न सकिन्छ । |

माथि उल्लेख गरिएका विधिहरूका अलावा विषयवस्तुको प्रकृतिअनुसार मष्तिष्क मन्थन, जिग्स लगायत अन्य विधिहरूको समेत प्रयोग गर्न सकिन्छ ।

## १०. मूल्याङ्कन प्रक्रिया

स्थानीय विषयको सिकाइ उपलब्धि मूल्याङ्कनका लागि पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चतता गर्न निर्माणात्मक र निर्णयात्मक दुवै किसिमका मूल्याङ्कन विधिको प्रयोग गरिनेछ।

निर्माणात्मक मूल्याङ्कनका लागि आन्तरिक मूल्याङ्कन मार्फत ५० प्रतिशत अङ्क भार समावेश गरिनेछ भने निर्णयात्मक मूल्याङ्कनका लागि अन्तिम परीक्षा मार्फत बाँकी ५० प्रतिशत अङ्क समावेश गरिनेछ।

### क) आन्तरिक मूल्याङ्कन

निर्माणात्मक मूल्याङ्कनका लागि आन्तरिक मूल्याङ्कन मार्फत विद्यार्थीको उपस्थिति, अनुशासन, सहभागिता, प्रयोगात्मक / परियोजना कार्य, अन्तर्वार्ता, त्रैमासिक परीक्षा लगायतका निम्न मूल्याङ्कन पक्षहरु समावेश गरिनेछ :

| क्र.स. | मूल्याङ्कन पक्ष | अङ्क भार |
|---|---|---|
| १ | उपस्थिति र सहभागिता | ४ |
| २ | प्रयोगात्मक / परियोजना | ३६ |
| | (क) प्रयोगात्मक तथा परियोजना कार्यको तयारी | ५ |
| | (ख) प्रयोगात्मक तथा परियोजना कार्य सञ्चालन र प्रतिवेदन/चार्ट तयारी/चित्र/तालिका तयारी र अभिलेखीकरण | २० |
| | (ग) परियोजना कार्य तथा प्रयोगात्मक कार्यको प्रतिवेदन प्रस्तुतीकरण | ६ |
| | (घ) अन्तर्वार्ता | ५ |
| ३ | त्रैमासिक परीक्षा | १० |
| | जम्मा | ५० |

## ख) अन्तिम मूल्याङ्कन

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुनेछ । पाठ्यक्रमले निर्धारण गरेको उद्धेश्य हासिल गरे नगरेको कुरा जाँच गर्न सबै एकाइहरू समेटिने गरी प्रश्नपत्र निर्माण गरिनेछ । यसका लागि निम्न अनुसारको विशिष्टीकरण तालिका प्रयोग गरिनेछ :

**विशिष्टीकरण तालिका (सैद्धान्तिक मूल्याङ्कन )**

समय :- २ घण्टा | पूर्णाङ्क :- ५०

| एकाइ | क्षेत्र/ एकाइ | पाठ्य घण्टा | पूर्णाङ्क | प्रश्न सङ्ख्या | | | अति छोटा प्रश्नहरु | | | छोटा प्रश्नहरु | | | लामा प्रश्नहरु | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अति छोटो | छोटो | लामो | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता | |
| १ | हाम्रो गाउँपालिका | २० | ८ | २ | १ | १ | १ | १ | | १ | | | | | १ | |
| २ | स्थानीय तह र सुशासन | १६ | ७ | १ | १ | १ | १ | | | | | १ | | १ | | |
| ३ | हाम्रो पेसा, व्यवसाय र आर्थिक क्रियाकलाप | १० | ७ | १ | १ | १ | | १ | | १ | | | | | १ | |
| ४ | हाम्रा विकासका पूर्वाधारहरु | १८ | ७ | १ | १ | १ | १ | | | | १ | | १ | | | |
| ५ | हाम्रो वातावरण र हरित विद्यालय | १६ | ५ | ३ | १ | | १ | १ | १ | १ | | | | | | |
| ६ | दुर्घटना तथा विपद् व्यवस्थापन | १२ | ५ | १ | २ | | १ | | | | १ | १ | | | | |
| ७ | नैतिक व्यवहार र जीवन उपयोगी सिपहरु | १८ | ४ | २ | १ | | १ | १ | | १ | | | | | | |
| ८ | योग, आयुर्वेद र खेलकुद | १८ | ७ | १ | १ | १ | | १ | | १ | | | १ | | | |
| | **कूल जम्मा** | १२८ | ५० | १२ | ९ | ५ | ६ | ५ | १ | ५ | २ | २ | २ | १ | २ | |

| प्रश्नको किसिम | प्रश्न सङ्ख्या | प्रतिप्रश्न अङ्क भार | कूल अङ्क भार |
|---|---|---|---|
| अति छोटो उत्तर आउने प्रश्न | १२ | १ | १२ |
| छोटो उत्तर आउने प्रश्न | ९ | २ | १८ |
| लामो उत्तर आउने प्रश्न | ५ | ४ | २० |
| **कूल जम्मा** | २६ | | ५० |

| क्षेत्र | अङ्क भार | प्रतिशत |
|---|---|---|
| ज्ञान र बोध | २४ | ४८ |
| प्रयोग र सिर्जनात्मक सिप | १३ | २६ |
| उच्च दक्षता | १३ | २६ |
| **कूल जम्मा** | ५० | १०० |

(पुनश्चः सैद्धान्तिक मूल्याङ्कनमा कम अङ्कभार भएका एकाईहरुलाइ प्रयोगात्मक मूल्याङ्कनको लागि थप प्राथमिकता दिनुपर्नेछ ।)

## सैद्धान्तिक मूल्याङ्कन नमुना प्रश्नपत्र

कक्षा : ८ पूर्णाङ्क : ५०

विषय : हाम्रो सिद्धलेक समय : २ घण्टा

**विद्यार्थीहरुले उत्तर दिंदा सिर्जनात्मक र मौलिक उत्तर दिनुपर्नेछ।**

**समूह (क)**

**तलका प्रश्नहरुको अति छोटो उत्तर लेख्नुहोस्।** **१२×१= १२**

१. नेपालको जनगणना २०७८ अनुसार सिद्धलेक गाउँपालिकाको जनसङ्ख्या कति रहेको छ ?

२. सिद्धलेक गाउँपालिकामा सबैभन्दा पहिले बैंङ्किङ सेवा प्रवाह गर्ने "क" बर्गको बैंक कुन हो ?

३. गाउँपालिकामा गाउँसभा र गाउँ कार्यपालिकाबाट स्वीकृत कानुन, नीति, बजेट तथा कार्यक्रमहरु र निर्णयहरु कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी कसको हुन्छ ?

४. सिद्धलेक गाउँपालिकामा रहेका पर्यटकीय सुविधा सहितका कुनै दुई होटलहरुको नाम लेख्नुहोस्।

५. सिद्धलेक गाउँपालिका कार्यालयको आधिकारिक वेबसाइटको नाम लेख्नुहोस्।

६. हरित विद्यालय के लाई भनिन्छ ?

७. वनस्पति तथा वन्यजन्तु संरक्षणमा स्थानीय सरकारले निर्वाह गर्नुपर्ने कुनै दुई वटा कार्यहरु लेख्नुहोस्।

८. सिद्धलेक गाउँपालिका क्षेत्रमा रासायनिक प्रदूषण गराउने कुनै दुई कारण लेख्नुहोस्।

९. झटपट झोला के सँग सम्बन्धित छ ?

१०. कुनै कार्यसमितिको बैठक सञ्चालन गर्दा माइन्युट लेख्ने जिम्मेवारी कसको हुन्छ ?

११. सिद्धलेक गाउँपालिकामा चालु अवस्थामा रहेको कुनै एक घरेलु उद्योगको नाम लेख्नुहोस्।

१२. त्रिफलामा कुन-कुन फल हुन्छन् ? लेख्नुहोस्।

**समूह (ख)**

**तलका प्रश्नहरुको सङ्क्षिप्त उत्तर लेख्नुहोस्।** **९×२= १८**

१३. सिद्धलेक गाउँपालिका भित्रको कुनै दुई परम्परागत प्रविधिहरुको नाम सहित सङ्क्षिप्त जानकारी लेख्नुहोस्।

१४. तपाईँ सिद्धलेक गाउँपालिकाको अध्यक्ष हुनुभयो भने गाउँपालिकाबाट प्रवाह हुने सेवा प्रभावकारी बनाउन, सुशासन कायम गर्न सार्वजनिक प्रशासनलाई कस्तो बनाउनुहुन्छ ? सङ्क्षिप्त योजना बनाउनुहोस्।

१५. व्यवसाय सञ्चालनमा सहयोगी भूमिका निर्वाह गर्ने सिद्धलेक गाउँपालिका भित्र रहेका वित्तीय संस्थाहरुको सूची तयार गर्नुहोस्।

१६. हाम्रो उर्जाका परम्परागत र आधुनिक स्रोतहरुबिच प्रयोग र महत्त्वको आधारमा तुलना गर्नुहोस्।

१७. हाम्रो स्थानीय क्षेत्रको वातावरण संरक्षणमा इको क्लबको भूमिका र आवश्यकता माथि प्रकाश पार्नुहोस्।

१८. घरायसी आर्थिक समस्याका कारण नियमित विद्यालय आउन नसकेको कारण तनावमा भएको साथीलाई तपाईँ कस्तो परामर्श दिनुहुन्छ ? छोटकरीमा लेख्नुहोस्।

१९. तपाईँको बसोबास क्षेत्रमा हुनसक्ने सम्भावित विपद् व्यवस्थापन गर्न कस्तो प्रतिकार्य योजना तयार गर्नुहुन्छ ? छोटकरीमा लेख्नुहोस्।

२०. स्थानीय र मौलिक सिप संरक्षण र प्रवर्द्धनमा स्थानीय सरकारको भूमिका कस्तो रहन्छ ? छोटकरीमा लेख्नुहोस्।

२१. तिनखुट्टे दौड खेलको कुनै चार नियमहरु लेख्नुहोस् ।

**समूह (ग)**

**तलका प्रश्हरुको लामो उत्तर लेख्नुहोस् ।** **५×४= २०**

२२. सिद्धलेक गाउँपालिकाको नक्सा बनाई निम्न स्थानहरु सङ्केतमा देखाउनुहोस् :
क) काँडेभ्याकुर पाइने स्थान ख) गाउँपालिकाको केन्द्र ग) कालुपाण्डे मार्ग घ) वाग्वच्छला मन्दिर

२३. हाम्रो सिद्धलेक गाउँपालिकाको नागरिक बडापत्रको नमुना तयार पार्नुहोस् ।

२४. हाम्रो गाउँपालिकामा रहेका पर्यटकीय सुविधा सहितका होटलहरुको नाम लेख्नुहोस् । ती होटलहरुले गाउँपालिका भित्रको आर्थिक क्रियालापहरुमा कस्तो प्रभाव पारेका छन् ? चर्चा गर्नुहोस् ।

२५. हाम्रो गाउँपालिका भित्रका धार्मिक, ऐतिहासिक, सांस्कृतिक र कृषि पर्यटकिय स्थलहरुको एक/एक उदाहरण सहित तिनीहरुको महत्त्व व्याख्या गर्नुहोस् ।

२६. शलभासन र धनुरासनको परिचय दिनुहोस् । हाम्रो दैनिक जीवनमा योगको आवश्यकता र महत्त्वको चर्चा गर्नुहोस् ।

**समाप्त**

## सम्भावित प्रयोगात्मक/परियोजना कार्यहरु

### कक्षा : ६

१. गाउँपालिकाको नक्सा कोर्नुहोस् र आफ्नो वडा देखाई वडाभित्रका मुख्य–मुख्य स्थान (सडक, विद्यालय, स्वास्थ्य संस्था, नदी, मठमन्दिर आदि ) लाई नक्सामा सङ्केतमा देखाउनुहोस् ।

२. वडा कार्यालयमा भ्रमण गर्नुहोस् र वडा कार्यालयले प्रदान गर्ने समग्र सेवा तथा बालबालिका र युवा लक्षित सेवाहरु बारे सोधखोज गरी प्रतिवेदन तयार गरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. आफ्नो वडा भित्र बसोबास गर्ने मुख्य जातिले मनाउने चाडपर्व मध्ये कुनै एक चाडपर्वको बारेमा निम्न पक्षलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् : चाडपर्वको नाम, मनाउने तरिका, महत्व, राम्रा पक्ष, सुधार गर्नुपर्ने पक्ष।

४. सिद्धलेक गाउँपालिकामा जन्म भई खेलकुदमा राष्ट्रिय रुपमा ख्याती प्राप्त व्यक्तित्वहरुसँग भेटघाट गराई जीवनी तयार गर्न लगाउनुहोस् ।

५. आफ्नो वडा भित्र बसोबास गर्ने मुख्य जातिले बजाउने स्थानीय लोकबाजा, गाउने गीत र नृत्यको बारेमा सूची तयार गर्नुहोस् ।

६. गाउँपालिक भित्र व्यावसायिक पशुपालन तथा मौरीपालन फर्महरुमा स्थलगत भ्रमण गर्नुहोस् । उक्त व्यवसायको वर्तमान अवस्था, बजारीकरण र थप सम्भावनाका सम्बन्धमा सोधखोज गर्नुहोस् र प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

७. खानपानका सूत्र र पत्रु खानाबाट हुने असर र नियन्त्रणका उपायहरुको सूची तयार गर्नुहोस् ।

८. विद्यालय नजिक रहेको स्वास्थ्य संस्थामा स्थलगत भ्रमण गर्नुहोस् । उक्त स्थानमा उपलब्ध हुने सेवाहरुको सूची तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

९. आफ्नो घर तथा विद्यालय नजिकै रहेको मुख्य सामुदायिक बनमा स्थलगत भ्रमण गर्नुहोस् । सामुदायिक बन उपभोक्ता समितिका पदाधिकारीहरुसँग भेटघाट गर्नुहोस् । सामुदायिक बनबाट प्राप्त हुने बनपैदावर तथा बनमा आधारित आर्थिक क्रियाकलापहरु समेटी प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

१०. आफ्नो टोल तथा विद्यालयबाट उत्पादित फोहोरमैला फाल्ने स्थलको स्थलगत भ्रमण गर्नुहोस् । यसबाट स्थानीय क्षेत्रको जलस्रोत, जमिनमा तथा मानव स्वास्थ्यमा परेका असर छलफल गरी प्रतिवेदन तयार गर्नुहोस् ।

११. स्थानीयस्तरमा भएको कुनै एउटा विपद्को अवलोकन गर्नुहोस् । सो विपद्ले पुऱ्याएको असर (मानवीय, शैक्षिक, आर्थिक, भौतिक लगायत) को पहिचान गर्नुहोस् । उक्त विपद्लाई दीर्घकालीन रूपमा व्यवस्थापन गर्न के–के कार्य गर्न सकिन्छ ? प्रतिवेदन तयार गरी प्रस्तुत गर्नुहोस् ।

१२. मस्यौरा बनाउने, माला उन्ने र सादा पुलाउ बनाउने आदि विधिहरु सहित प्रयोगात्मक कार्यहरु गर्नुहोस् ।

### कक्षा : ७

१. सिद्धलेक गाउँपालिकाको जनखाङ्ख्यिक अवस्थालाई चार्टमा देखाउनुहोस् ।

२. सिद्धलेक गाउँपालिकाको नक्सा बनाई वडाका केन्द्र, धार्मिक, पर्यटकीय स्थल, प्रमुख बस्ती, नदी, खोला, जङ्गल, कृषियोग्य जमिन आदिलाई नक्सामा सङ्केतमा देखाउनुहोस् ।

३. गाउँपालिका भित्रका मुख्य शैक्षिक र राजनैतिक व्यक्तित्वहरुलाई भेटी सङ्क्षिप्त जीवनी तयार गर्नुहोस् ।

४. गाउँ कार्यपालिकाको कार्यालय भ्रमण गरी गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्षसँग भेटघाट गरी उहाँहरुको मुख्य-मुख्य कामको सूची बनाउनुहोस् ।

५. गाउँ कार्यपालिकाको कार्यालयमा रहेको इजलास भ्रमण गरी न्यायिक समितिका संयोजकसँग भेटघाट गरी न्यायिक समितिको गठन प्रक्रिया र परेका उजुरी माथि मेलमिलाप गराउने प्रक्रियाको बारेमा प्रतिवेदन तयार पार्नुहोस् ।

६. गाउँपालिकामा सञ्चालित घरेलु उद्योगहरुको भ्रमण गरी ती उद्योगहरुको वर्तमान अवस्था, समस्या, सम्भावना र व्यावसायिकताका बारेमा प्रतिवेदन तयार गर्नुहोस् ।

७. आफ्नो विद्यालय परिसरको नक्सा र मोडेल तयार गर्नुहोस् ।

८. स्थानीय मौसम र हावापानी अनुकूलका विरुवा लगाई विद्यालयमा बगैँचा निर्माण गर्नुहोस् ।

९. दिगो विकास, हरित विद्यालय र वातावरण संरक्षणमा विद्यार्थी, विद्यालय र समुदायको भूमिकालाई चार्ट बनाई अलग-अलग रुपमा देखाउनुहोस् ।

१०. विपद् व्यवस्थापन चक्रका चरणहरुको नाम र ती चरणहरुमा गर्नुपर्ने कामहरुको सूची तयार गर्नुहोस्।
११. झटपट झोला तयार गर्नुहोस्।
१२. आलुचप, बारा, फुरौला आदि पकाउने सामाग्री तयार पारी पकाउने अभ्यास गर्नुहोस्।
१३. सालको पात र सिन्काको व्यवस्था गरी दुना-टपरी गाँस्ने तरिकाको अभ्यास गर्नुहोस्।
१४. आवश्यक सामाग्रीको व्यवस्था गरी कुचो बनाउने तरिकाको अभ्यास गर्नुहोस्।
१५. वक्रासन, उष्ट्रासन, नौकासन र मर्कटासनको नमुना अभ्यास गर्नुहोस्।
१६. पानी भर्ने दौड, कवड्डी, पञ्जा लडाई आदि खेलहरु नियमपुर्वक खेल्ने अभ्यास गर्नुहोस् ।

**कक्षा : ८**

१. सिद्धलेक गाउँपालिकाको नक्सा बनाई गाउँपालिकाको मुख्य-मुख्य चिनारी स्थल (सिद्धबाबा मन्दिर, काँडेभ्याकुर पाइने स्थान, साततले गुफा, कुम्पुरभञ्ज्याङ, सलाङकोट, ढेवालेक, ठाँटी, बुङचुङ, गौथले, भाल्डाँडा आदि ) लाई नक्सामा सङ्केतमा देखाउनुहोस्।
२. सिद्धलेक गाउँपालिकाबाट उपलब्ध सेवा दिने शाखाहरुको भ्रमण गर्नुहोस्। विद्यार्थीहरुको समूह विभाजन गरी प्रत्येक समूहले कुनै एक शाखा प्रमुखसँग सोधखोज गरी सो शाखाले प्रदान गर्ने सेवाहरु बुँदागत रुपमा तयार गरेर समूहगत प्रतिवेदन कक्षामा प्रस्तुत गर्नुहोस्।
३. विद्यालयबाट नजिक रहेको व्यावसायिक रुपमा सञ्चालित होटलको भ्रमण गर्नुहोस् । होटल व्यवसायको वर्तमान अवस्था, चुनौती र पर्यटनको सम्भावना बारे अध्ययन गरी प्रतिवेदन तयार पारेर कक्षामा प्रस्तुत गर्नुहोस्।
४. ऐतिहासिक, धार्मिक तथा प्राकृतिक स्थलहरु (सिद्धबाबा मन्दिर, ढेवालेक, साततले गुफा आदि) को लघु भ्रमण गरी सो क्षेत्रको ऐतिहासिक पृष्ठभूमि, वर्तमान अवस्था र पर्यटकीय क्षेत्र विकासको सम्भावनाका बारेमा प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस्।
५. तपाईँको समुदायमा प्रचलित सांस्कृतिक महत्व बोकेको गीत/नाचको संरक्षणका लागि विद्यालयले सञ्चालन गर्ने कुनै कार्यक्रममा सो गीत/नाचको समूहमा अभ्यास गरी प्रस्तुत गर्नुहोस्।
६. विद्यालयमा इको क्लब गठन गरी उक्त क्लबको आयोजनामा कुनै एक कार्यक्रम सञ्चालन गर्नुहोस्।
७. हाम्रो गाउँपालिकामा भएका विकास निर्माणहरु दिगो विकाससँग के कति अन्तरसम्बन्धित रहेको छ भन्ने विषयमा छलफल गरी दिगो विकासका लागि स्थानीय सरकारले चाल्नुपर्ने कदमहरु बारे सोधखोज गरेर प्रतिवेदन तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस्।
८. विपद्को सामुहिक प्रतिकार्यका उपायहरु प्रष्ट गराउनको लागि भुईचालो, बाढी, पहिरो, कोभिड लगायतका विपद्को समयमा गरिने सामुहिक प्रतिकार्यको नमुना अभ्यास गर्नुहोस्।
९. धार्मिक सहिष्णुता झल्कने विषयवस्तुका सूचीका आधारमा अनेकतामा एकता भन्ने कुरा कक्षा कोठामा पनि लागु हुन्छ भन्ने पुष्टि गर्ने विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस्।
१०. गाउँपालिका भ्रमण गर्नको लागि आवश्यक व्यवस्था मिलाई दिनुहुन विद्यालयको प्रधानाध्यापकलाई निवेदन लेख्नुहोस्।
११. सूर्य नमस्कार, सलभासन तथा धनुरासनको नमुना अभ्यास गर्नुहोस्।
१२. बुद्धिचाल, छेलो, खोखो, तीन खुट्टे दौड आदि खेलहरु नियमपुर्वक खेल्ने अभ्यास गर्नुहोस्।
१३. मालपुवा, सेलरोटी, पुरी आदि पकाउने सामाग्री तयार पारी पकाउने अभ्यास गर्नुहोस् ।

प्रकाशक

सिद्धलेक गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बुङ्चुङ, धादिङ

